# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष १ अङ्क १४ | २०७३ असोज ३ गते सोमबार | Monday, Sep 19, 2016 | पृष्ठ ८ | मूल्य रु. १०|-


## क्रान्तिकारी माओवादीको विशेष आर्थिक अभियान

**काठमाडौं।** नेकपा (क्रान्तिकारी माओवादी)ले असोज १ बाट देशैभर विशेष आर्थिक अभियान सुरु गरेको छ। रु. १००० (एक हजार)को कुपन छापेर आर्थिक अभियान सुरु गरिएको क्रान्तिकारी माओवादीको कार्यालयले जनाएको छ। केन्द्रीय कार्यालयबाट एकद्वार प्रणाली अपनाई पार्टी राज्य कमिटीमार्फत् जिल्लाहरूलाई वितरण गरिएको छ।

यसैबीच, क्रान्तिकारी माओवादी रुपन्देहीले १ असोजबाट विशेष आर्थिक अभियान (कुपन अभियान) शुरु गरेको छ। रुपन्देहीले रुपन्देहीको सात वटैं क्षेत्रबाट आजबाट आर्थिक अभियान शुरु गरेको हो। आर्थिक अभियानलाई व्यवस्थित गर्न पार्टी,रुपन्देहीका संयोजक भुलबहादुर सुनारीमगरको संयोजकत्वमा ५१ सदस्यीय विशेष आर्थिक अभियान संयोजन समिति र त्यस मातहत रहने गरि रुपन्देहीका सात वटैं क्षेत्रमा आर्थिक उपसमिति गठन गरिएको जनाएको छ। अभियानबाट संकलित उक्त रकम राष्ट्रियता, जनतन्त, जनजीवि, कालाबजारी, तस्करी र भ्रष्टहरूका विरुद्धमा हुने संघर्षमा खर्चिने पार्टीले जनाएको छ।

# राष्ट्रघाती सन्धिसम्झौतामा
# प्रधानमन्त्री दाहालको सहीछाप

◆ **वर्गदृष्टि संवाददाता**

*काठमाडौं।*

चारदिने भारत भ्रमण सकेर आइतबार स्वदेश फर्केका नेपाल सरकारका प्रधानमन्त्री पुष्पकमल दाहालले विगतमा भए गरिएका राष्ट्रघाती सन्धिसम्झौतामा सहीछाप गरेका छन्। भ्रमणको क्रममा जारी २५ बुँदे संयुक्त बक्तव्य र गरिएको ३ बुँदे सम्झौतालाई आधार मानेर हेर्दा प्रधानमन्त्री दाहालले सन् पचासदेखि माथिल्लो कर्णालीसम्मका राष्ट्रघाती सन्धिसम्झौतालाई कार्यान्वयन गर्न 'भारतीय दूतावास र नेपाल सरकारको संयुक्त अनुगमन' गर्ने सम्मको सम्झौता गरेर आएका छन्। नेपाल सरकारलाई भारतको दूतावासको हैसियतमा राखेर सम्झौता गरिएको छ।

**'गम्भीर राष्ट्रघात' : क्रान्तिकारी माओवादी**

यसैबीच नेकपा (क्रान्तिकारी माओवादी) का अध्यक्ष मोहन वैद्य'किरण'ले भारत भ्रमणमा रहेका प्रधानमन्त्री पुष्पकमल दाहालले भारतीय विस्तारवादी हस्तक्षेपलाई नवीनीकरण गरेर गम्भीर



राष्ट्रघात गरेको आइतबार जारी विज्ञप्तीमा जनाएका छन्। उनले जारी गरेको विज्ञप्तीको पूर्णपाठ यस्तो रहेको छ, “भाद्र ३० देखि आश्विन २ गतेसम्म नेपालका प्रधानमन्त्रीको भारत भ्रमण भएको छ। नेपाल र भारतका प्रधानमन्त्री मार्फत् एउटा संयुक्त वक्तव्य पनि जारी गरिएको छ। नेपालका प्रधानमन्त्रीका तर्फबाट यो भ्रमण भारतसितको सम्बन्धलाई नयाँ आधारमा अगाडि बढाउन र विश्वासको वातावरण बनाउन पूर्ण सफल भएको अभिव्यक्ति पनि दिइएको छ। परन्तु, सो वक्तव्य नेपाल र नेपाली जनताको हित विपरीत रहेको देखिन्छ।

भारतसित गरिएका सन् १९५० लगायतका सबै असमान सन्धि सम्झौता तथा सहमति खारेज गर्ने कुरा हुँदै आएकोमा नेपालका प्रधानमन्त्रीद्वारा पुराना ती सबै सन्धि सम्झौता तथा सहमतिहरूलाई निरन्तरता दिने कुरा स्वीकार गरिएको छ। यो एकातिर गम्भीर राष्ट्रघात हो भने अर्कोतिर भविष्यमा अझ राष्ट्रघाती सन्धि सम्झौता गर्नका लागि पृष्ठभूमि तयार पारिएको कुरा स्पष्ट हुन्छ।

यस संयुक्त वक्तव्यमा विवादास्पद पञ्चेश्वर जलविद्युत आयोजनालाई बिउँझाइएको छ। बिप्पाप्रति सहमति जनाइएको छ। माथिल्लो कर्णाली, अरुण-३ सहितका ऊर्जाव्यापार सम्झौता, ऊर्जा विकास सम्झौता ... *बाँकी ७ पेजमा*

## जनसेना भ्रष्टाचार प्रकरणमा लोकमानको 'काउन्टर अट्याक'

◆ **वर्गदृष्टि संवाददाता**/काठमाडौं


जनमुक्ति सेनाका शिविरहरूमा भएको भ्रष्टाचारको विषयमा अख्तियार प्रमुख लोकमान सिंह कार्की माओवादी केन्द्रका नेताविरुद्ध अख्तियार प्रमुख लोकमान सिंह कार्की माओवादी केन्द्रका नेताविरुद्ध ' काउन्टर एट्याक्ट'मा उत्रिएका छन्। सर्वोच्च अदालतले अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त कार्कीविरुद्धको मुद्दामा पुनरावलोकन गर्ने निर्णय गरेको केही घन्टा बित्न नपाउँदै अख्तियारले शिविर भ्रष्टाचार प्रकरणमा संलग्नलाई ३० दिनभित्र बयानका लागि बोलाएको हो। विस्तृत शान्तिसम्झौता भएदेखि जनसेना विघटनसम्म व्यवस्थानको निर्णय प्रक्रियामा संलग्न सबैलाई अख्तियारमा बोलाउने निर्णय गरेको छ। अख्तियारको यस्तो निर्णयलाई बार्गेनिङको रुपमा हेरिएको छ। केही दिनअघि मात्रै सर्वोच्चले कार्कीको नियुक्त प्रक्रियाको फाइल मगाए पनि सरकारले भूकम्पका समयमा हराएको जवाफ फर्काएपछि सर्वोच्चले त्यसलाई गैरजिम्मेवार जवाफ भएको भन्दै उनको सिफारिसमा रायामाझी आयोगको सिफारिक ... *बाँकी ७ पेजमा*

## देशभक्त जनगणतान्त्रिक मोर्चाको अध्यक्षमा सिपी गजुरेल

◆ **वर्गदृष्टि संवाददाता**/काठमाडौं

नेकपा (क्रान्तिकारी माओवादी)ले बनाएको देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको राष्ट्रिय भेलाले नेता सिपी गजुरेललाई अध्यक्षमा चयन गरेको छ। भाद्र २६-२८ मा सम्पन्न मोर्चाको उक्त भेलाले मोर्चाको सचिवमा नेता परि थापालाई चुनेको छ।

दुई अंकभन्दा नबढाइकन केन्द्रीय समिति बनाउने निर्णय गरेको मोर्चाले हाल ७१ जनाको केन्द्रीय समिति बनाएको छ। भेलाले अध्यक्ष र सचिवसहित कमल चौधरी, श्रीनाथ अधिकारी, पवनमान श्रेष्ठ, के.बि. गुरुङ, केशबहादुर परियार, नगेन्द्र राई रहेको कार्यालय गठन गरिएको छ सेक्रेटरिट सदस्यहरूमा रोशन जनकपुरी, मिनकुमार राउत, बिदुर खरेल, शिवराम यादव, चक्रपाणी शर्मा, कुमार शाह, मनोज श्रेष्ठ, कान्छाराम तमाङ्, अम्बिका मुडभरी, शिव कट्टेल,



जितेन्द्रकुमार सिंह, धनजीत शाही, रामबहादुर केसी, दिलबहादुर घिसिङ रहेका छन्।

त्यसैगरी केन्द्रीय सदस्यहरूमा ... *बाँकी ८ पेजमा*

## क्रान्तिकारी माओवादीको देशैभर 'असोज ३ कालो दिन'

◆ **वर्गदृष्टि संवाददाता**/काठमाडौं

नेकपा (क्रान्तिकारी माओवादी)ले संविधान जारी भएको दिन 'असोज ३'लाई कालो दिनको रुपमा देशव्यापीरुपमा विरोध प्रदर्शन गर्दैछ। आज देशैभर विरोध प्रर्दशनको तयारी रहेको क्रान्तिकारी माओवादीले जनाएको छ। क्रान्तिकारी माओवादीको नेवा राज्यले अपरान्ह काठमाडौंको रत्नपार्कमा विरोध प्रदर्शनको आयोजन गर्दैछ। विरोध प्रदर्शनलाई देशभक्त जनगणतान्त्रिक मोर्चाका अध्यक्ष सिपी गजुरेलले सम्बोधन गर्ने कार्यक्रम रहेको छ।

“तीन दलका नेताहरूले संविधानसभा-२ बाट घोर जनविरोधी र प्रतिगामी संविधान जारी गरेका छन्। उक्त संविधानमा किसान-मजदुर लगायतका श्रमजीवी नेपाली जनताको हक र अधिकारलाई निषेध गरिएको मात्र होइन, साढे २ सय वर्ष पूर्वदेखि उत्पीडनमा पारिंदै आइरहेका मधेसी, थारू, जनजाति, दलित, महिला, मुस्लिम लगायतका बहुसङ्ख्यक नेपाली जनताका अधिकारहरूलाई समेत निषेध गरिएको छ र पुरानै सामन्तवादी व्यवस्थाअनुरुपको घोर प्रतिगामी संविधान जारी गरिएको छ। अतः त्यसप्रकारको संविधानको विरोध तथा भण्डाफोर गर्दै सङ्घीय जनगणतन्त्रात्मक संविधान निर्माण र आफ्ना हकअधिकारहरू सुनिश्चित गर्नका लागि जनता आन्दोलनमा उत्रनुको विकल्प छैन।” नेकपा (क्रान्तिकारी माओवादी)का अध्यक्षले ३ असोज ०७२ मा विज्ञप्ती जारी गर्दै भनेका थिए, “देश आज संवैधानिक प्रतिक्रान्तिको विरुद्ध संघर्षको अवस्थामा रहेको छ। संविधानको घोषणा शासक वर्ग र समुदाय जातिका लागि खुशियाली र उत्पीडित वर्ग तथा समुदायका लागि युद्धको घोषणा जस्तो हुँदैछ।”

नेकपा-माओवादीसहितको तेत्तीस दलीय मोर्चा, सङ्घीय समाजवादी फोरम, नेपालसहितको नौ दलीय मोर्चा, राष्ट्रिय दलित मुक्ति आन्दोलन र समृद्ध मधेस नागरिक अभियान लगायतका सङ्गठन तथा मोर्चाका तर्फबाट संविधानसभा-२ द्वारा तयार पारिएको प्रतिगामी संविधानको विरोधमा सो संविधान घोषणा गरिएको २०७२ असोज ३ गतेलाई कालो दिनका रूपमा लिई आमहड्ताल गर्ने र २०७२ असोज ४ गते देशव्यापी रूपमा जनपरिचालन गरी नेपालको संविधान २०७२ लाई जलाउने काम गरेको थियो।

**कालो दिनको विरोध जनाउन क्रान्तिकारी माओवादी धनुषाको जनतामा अपील**

एक विज्ञप्ती जारी गर्दै क्रान्तिकारी माओवादी धनुषाका इन्चार्ज तथा मधेसी राष्ट्रिय मुक्ति मोर्चाका अध्यक्ष समेत रहेका रोशन जनकपुरीले एक विज्ञप्ती जारी गर्दै प्रतिगामी तथा जनविरोधी संविधान जारी भएको दिनलाई कालो दिनको रुपमा विरोध गर्न जिल्लाबासी तथा सम्पूर्ण मधेसी जनसमुदायमा हार्दिक अपील गरेका छन्।

जनइच्छालाई उपेक्षा गरेर, ... *बाँकी ८ पेजमा*

## पश्चगामी संविधान : संशोधन कि आमूल परिवर्तन ?

नेपालमा देश र जनताको पक्षमा अग्रगामी संविधान बनाउन अनेकौं जनआन्दोलन भए, सशस्त्र संघर्ष संचालित गरिए र दशवर्षसम्म महान् जनयुद्धको प्रक्रिया अगाडि बढ्यो। यस क्रममा हजारौं सहिद, वेपत्ता तथा घाइते अपाङ्ग बने। दुई दुई पटक संविधान सभाका निर्वाचन गरिए। अन्ततः जनताको हातबाट संविधानसभा खोसियो र २०७२ असोज ३ गते पश्चगामी संविधान बनाइयो। आखिर त्यस संविधानका बिरुद्ध जनता सशक्त रुपमा संघर्षमा उत्रिए र संविधान जलाइयो। परन्तु, अहिले एकातिर संविधान संशोधन र अर्कोतिर संविधान दिवस मनाउने नौटङ्की रचिएको छ।

यद्यपि वर्तमान संविधानमा उल्लेख गरिएका गणतन्त्र, संघीयता, धर्म निरपेक्षता, समानुपातिक तथा समाबेशी प्रतिनिधित्व जस्ता कतिपय विषय आंशिक रुपमा सकारात्मक रहेका छन्। परन्तु, समग्र र सारमा यो जनताको नभई पुरानै वर्गको संविधान हो। किनभने राज्यसत्ता र शासनसत्ता दलाल एवम् नोकरशाही पुजिंपति तथा सामन्त वर्गकै हातमा छ। यो संविधान बनाउदा पुरानै सत्ताधारी वर्गका प्रतिनिधिहरूको हालीमुहाली चल्यो र संविधान बनिसकेपछि पनि सरकारमा उनीहरू नै बसे। यो कुरा मन्त्रिपरिषद्मा रहेका व्यक्तिहरूको अनुहार हेरे पुग्छ। हो, सरकारमा केही नयाँ मानिसहरू पनि गए, तर उनीहरू नयाँ विचार र सिद्धान्त छोडेर पुरानै विचार र सिद्धान्तलाई स्वीकार गरी पुरानै बनेर गए। ती पुरानै सत्ता र वर्गका संरक्षक बने, ती दलाल तथा नोकरशाही पुँजीपति एवम् सामन्तवर्गका आफ्नै मानिस बने। ती साम्राज्यवाद र विस्तारवादका भरपर्दा सेवकका रुपमा परिणत भए। राष्ट्रियता, जनतन्त्र र जनजीविकाका आधारभूत समस्याहरूको समाधान हुन सकेन। महान् जनयुद्ध संसदीय व्यवस्थाका विरुद्ध परिलक्षित थियो। परन्तु, घुमीफिरी त्यसै संसदीय व्यवस्थालाई स्वीकार गरियो। केही थपघट सहित पुरानै संसदीय व्यवस्थाको पुनः स्थापना भयो।



मोहन वैद्य 'किरण'

पश्चगामी संविधान बनाइए पश्चात् सत्ता र व्यवस्थाका पुराना र नयाँ संरक्षकहरू एउटै स्वरमा चिच्याउँदै आएका छन् - नेपालमा राजनीतिक क्रान्ति सफल भइसक्यो, अब आर्थिक क्रान्ति गर्नु पर्छ, र विकास निर्माणका काममा लाग्नु पर्छ। यसो हेर्दा वास्तविकता अर्कै देखिन्छ। क्रान्ति भनेको उत्पीडक वर्गका हातबाट उत्पीडित वर्ग तथा जनसमुदायको हातमा राज्यसत्ता जानु हो। नेपालका सन्दर्भमा भन्नुपर्दा दलाल एवम् नोकरशाही पुजिंपति तथा सामन्त वर्गलाई यथावत राज्यसत्तामा राखेर र साम्राज्यवाद/विस्तारवादको नवऔपनिवेशिकउत्पीडनतथानवउदारवादी अर्थनीतिका सामु पुरै लम्पसार परेर देशमा आर्थिक क्रान्ति र विकास निर्माणका काम कदापि पुरा हुन सक्तैनन्। राष्ट्रियता, जनतन्त्र र जनजीविकाका आधारभूत समस्याहरूको समाधान हुन सकेको छैन। मजदुर, किसान, महिला, दलित, आदिवासी जनजाति, मधेसी, मुश्लिम, पिछडिएका क्षेत्र लगायतका जनताका हकहित तथा अधिकारको स्थापना हुन सकेको छैन र जनताको हातमा राज्यसत्ता आएको छैन। तसर्थ, यी राजनीतिक क्रान्ति पुरा भयो आर्थिक क्रान्ति गरौं भन्ने कुरा जनतालाई भ्रमित तुल्याउने षड्यन्त्रमूलक बकवास सिवाय अरु केही होइनन्।

अनि फेरि यिनै मानिसहरू यो संविधान समाजवाद उन्मुख रहेको छ र अब समाजवादी क्रान्ति गर्नुपर्छ भनेर ठूलै होहल्ला मच्चाउने काम गर्दै आएका छन्। यहाँनेर दुईओटा कुरामा ध्यानदिन जरुरी छ। पहिलो, समाजवाद विविध प्रकारका हुने गर्दछन्, ती हुन्- निम्नपुँजीवादी समाजवाद, सुधारवादी समाजवाद, प्रतिक्रियावादी समाजवाद। उनीहरूले चाहेको समाजवाद वैज्ञानिक समाजवाद नभई अन्य खालको समाजवाद हो। समजवादको कुरा त नेपाली कांग्रेस ले पनि गर्दछ। दोस्रो, यदि कसैले आफूलाई वैज्ञानिक समाजवादको पक्षपोषक बताउने गर्दछ भने त्यो वर्तमान संविधानलाई स्वीकार गर्ने, त्यसैमा संशोधन गरी मिलाउने ... *बाँकी ७ पेजमा*

## सम्पादकीय

### प्रम दाहालको भारत भ्रमण र राष्ट्रिय स्वाधीनता

नेपाल सरकारका प्रधानमन्त्री पुष्पकमल दाहाल भारतको चारदिने औपचारिक भ्रमण सकेर स्वदेश फर्किसकेका छन् । उनले आफ्नो भारत भ्रमण सफल भएको दावी गरेका छन् । तर प्रम दाहालको यो भ्रमण नेपाली राष्ट्रिय स्वाधीनताका लागि अझ बढी घातक बन्न पुगेको छ ।

विगतमा भारतसँग भए गरिएका सबै असमान र राष्ट्रघाती सन्धिसम्झौतामा प्रधानमन्त्री दाहालले 'लाहछाप' लगाएर आएका छन् । त्यति मात्र होइन, उनले आफ्नो भ्रमणपूर्व विशेष दूतमार्फत् पठाएको 'माफिनामा पत्र' र भ्रमणको क्रममा भारतले अगाडि सार्ने सबै शर्त मानेर अघि बढ्ने प्रतिबद्धता जनाउनु अझ बढी घातक रहेको छ ।

सन् पचासको सन्धिलगायत विगतमा भएका सबै सन्धिहरूको खारेज तथा पुनरावलोकन गर्नुपर्ने, भारतीय कम्पनीहरूसँग गरिएका माथिल्लो कर्णाली, अरुण तेस्रो जलविद्युत परियोजना सम्झौता खारेज गरी नेपालीहरू आफैले बनाउनुपर्छ, सप्तकोशी उच्चबाँधको निर्माण प्रक्रिया तत्काल रोक्नुपर्छ, सुस्ता र कालापानीलगायत ठाउँमा भारतद्वारा अतिक्रमित गरेको भूभाग फिर्ता गरिनुपर्छ, चीन र भारतबीच गरिएको लिपुलेक सम्झौता खारेज गरिनु पर्दछ, मोरङको विराटनगरमा राखिएको भारतीय चेकपोष्ट हटाउनुपर्छ, एकतर्फीरुपमा सीमामा बाँधिएका बाँधहरू भत्काइनुपर्दछ, सीमामा बस्ने नेपालीहरूमाथि भारतीय सुरक्षाकर्मीलगायतले गर्ने ज्यादतीको अन्त्य गरिनु पर्दछ र नेपालको आन्तरिक मामिलामा भारतीय हस्तक्षेप बन्द गरिनुपर्दछ, भारतसँग गरिएको विप्पा सम्झौता खारेज गरिनु पर्दछ भन्ने आवाजहरू जनस्तरबाट ठूलो आवाजमा उठिरहेका छन् । प्रधानमन्त्री दाहालको भ्रमणमा उल्लेखित कुनै पनि विषयमा कुनै चर्चा गरिएन । बरु अहिलेसम्म भारतको हितमा जे, जति र जस्ता सम्झौता भएका छन्, ती सबैको कार्यान्वयनमा जोड गरियो । यसका अतिरिक्त भारतीय समकक्षी नरेन्द्र मोदीसँग प्रम दाहालले अझ ठूलो राष्ट्रघाती सन्धिसम्झौता गरेको पनि हुनसक्छ । भ्रमणपूर्व प्रम दाहालले गरेका गतिविधि र 'रिस्क मोल्न पाउनुपर्ने' जस्ता भनाइहरूलाई आधार माने हो भने सहजै अनुमान लगाउन सकिन्छ । केही समयपछि त्यसको पनि पर्दाफास अवश्य हुनेछ ।

भारत नेपालको छिमेकी मुलुक हो । छिमेकी मुलुकसँग परस्परहितमा आधारित सुमधुर सम्बन्ध हुनुपर्दछ । सुगौलीसन्धिदेखि आजसम्म गरिएका सबै सन्धिसम्झौताहरूबाट भारतलाई मात्र एकतर्फी हित भएको छ, नेपालको दुरावस्था र भारत निर्भरता भने निकै बढेर गएको छ । एउटा स्वतन्त्र र सार्वभौम मुलुकको हैसियतममा उत्तरतर्फको छिमेकी चीन र दक्षिणको छिमेकी भारतसँग पञ्चशिलको सम्बन्ध कायम राख्दै परस्परहितमा आधारित भएर सम्बन्ध सन्तुलित र सुदृढ पार्ने हो भने नेपालको चौतर्फी विकास सम्भव छ र मुलुकलाई समृद्ध र आत्मनिर्भर बनाउन सकिन्छ । तर विडम्बना, आजसम्मका नेपाली शासकहरूले त्यो हैसियत प्रदर्शन गर्न सकेका छैनन् ।

'विशेष सम्बन्ध' निर्देशित नेपालको भारत नीतिले शासकहरूमा रहेको राष्ट्रिय आत्मसमर्पणवादी चरित्रलाई उदाङ्गो पारेको छ । र, दलालीकरणलाई तीव्रता प्रदान गरेको छ । प्रधानमन्त्री दाहाल पनि त्यसैको निरन्तरतामा देखिए । पञ्चशीलले विशेष सम्बन्धलाई प्रतिस्थापन गर्ने हैसियत नभएसम्म नेपाल र भारतबीचमा सम-सम्बन्ध स्थापित हुन सक्ने देखिन्न । नेपाली शासकहरूलाई त्यो हैसियतमा उभ्याउन सचेत र विशाल नागरिक दबाबको खाँचो छ । अन्यथा, निहीत स्वार्थका लागि राष्ट्रसँग जुवा खेल्ने शासकहरूको परम्पराले विश्वमानचित्रबाट नेपाल भन्ने देशलाई नै गायब बनाइदिन सक्छ ।


परिवर्तनको सम्वाहक

मूलबाटो

सत्यतथ्य निश्पक्ष खबर तथा विचारका लागि सँधै हेर्ने र पढ्ने गरौँ ।

www.moolbato.com


# 'देशभक्त जनगणतान्त्रिक मोर्चा'बारे



सीपी गजुरेल 'गौरव'

*समान उद्देश्य भएका शक्तिहरुका बीचमा आफ्ना उद्देश्य प्राप्तिका लागि शक्ति संचय गर्ने, ती शक्तिहरूलाई एकताबद्ध गराउने विरोधीहरुमाथिको प्रहारलाई सशक्त बनाउन भूमिका खेल्ने संयन्त्र संयुक्त मोर्चा हो । त्यसप्रकारको मोर्चा कहिलेकाहिँ अन्तर्राष्ट्रिय स्तरमा पनि बन्ने गरेको पाइन्छ । दोस्रो विश्वयुद्धका दौरानमा हिटलरले नेतृत्व गरेको फासीवादी शक्तिका बिरुद्ध तात्कालीन सोभियत संघ लगायतका राष्ट्रहरुका वीचमा बनेको फासिवादविरोधी अन्तर्राष्ट्रिय मोर्चाले विश्वलाई फासिवादी पञ्जामा पर्नबाट बचाएको थियो ।*

यही २०७३ भाद्र २६ र २७ गते देशका समग्र भागबाट सहभागी प्रतिनिधिहरूको उपस्थितिमा सम्पन्न भएको एउटा राष्ट्रिय भेलाले 'देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल' गठन गरेको समाचारले नेपालको राजनीतिक बृत्तमा निकै चर्चा पायो । केपी ओलीले मोदी सरकारको इच्छाअनुसार काम नगरेको भन्ने अभियोगमा उनलाई हटाएर ओली सरकारकै प्रमुख साझेदार पार्टी माओवादी केन्द्र (माके) र सरकार संचालन गर्ने सर्बोच्च समितिका प्रमुख प्रचण्डलाई अघि सारेर भारतको मोदी सरकारले प्रधानमन्त्रीको पगरी उनलाई नै गुथाइदियो । मोदीद्वारा घुमाउरो परामा नियुक्त गरिएका प्रधानमन्त्री प्रचण्डलाई पहिले राखेका शर्तहरूलाई संस्थागत गर्नका लागि भारतले "राजकीय भ्रमण"मा निम्त्याएपछि नेपाली संचारजगतद्वारा झण्डै दुई हप्तामा अरु समाचार प्रायः शून्य गराएर नेपाललाई "भारत भ्रमणमय" बनाइएको छ । यस प्रकारको अवस्थामा पनि यो जनगणतान्त्रिक मोर्चाको राष्ट्रिय भेला र यसले गरेका निर्णयले सामान्य चर्चा पाउनुलाई ठूलै कुरो ठानिएको छ । भाद्र २७ गते आयोजित पत्रकार भेटघाट कार्यक्रमपश्चात प्रायःजसो संचार माध्यममा "वैद्य माओवादी पनि चुनावमा सहभागि हुने" भन्ने शिर्षकमा छापिएका समाचारहरूले नेपालमा त व्यापकता पायो नै, विदेश बस्ने नेपालीले पनि अनलाइन समाचारमा यो खबर पढ्ने राम्रै अवसर पाए । के यो मोर्चाको गठन केही प्रमुख संचारमाध्यममा आएजस्तै "चुनावमा भाग लिनका लागि" नै हो त ? यी र यस्तै अन्य प्रश्नको सही जवाफ नेपाली जनताले सुन्न वा पढ्न चाहेका छन् । मोर्चा कै सन्दर्भमा केन्द्रीत भएर यो संक्षिप्त लेख यहाँ प्रस्तु गरिएको छ । विषयलाई आधिकारिक रुपमा प्रस्तुत गर्नका लागि राष्ट्रिय भेलामा पारित नीति तथा कार्यक्रमलाई आधार बनाइएको छ ।

**संयुक्त मोर्चा**

देशभक्त जनगणतान्त्रिक मोर्चा (देजमो), नेपाल एउटा संयुक्त मोर्चा संगठन हो । यो समान विचार राख्ने, समान उद्देश्य राख्ने शक्ति, व्यक्तिहरूको संयुक्त मोर्चा हो । संयुक्त मोर्चाको आवश्यकतालाई देजमोले यस प्रकार परिभाषित गरेको छ : "समान उद्देश्य भएका शक्तिहरूका बीचमा आफ्ना उद्देश्य प्राप्तिका लागि शक्ति संचय गर्ने, ती शक्तिहरूलाई एकताबद्ध गराउने विरोधीहरूमाथिको प्रहारलाई सशक्त बनाउन भूमिका खेल्ने संयन्त्र संयुक्त मोर्चा हो । त्यसप्रकारको मोर्चा कहिलेकाहिँ अन्तर्राष्ट्रिय स्तरमा पनि बन्ने गरेको पाइन्छ । दोस्रो विश्वयुद्धका दौरानमा हिटलरले नेतृत्व गरेको फासीवादी शक्तिका विरुद्ध तात्कालीन सोभियत संघ लगायतका राष्ट्रहरूका वीचमा बनेको फासिवादविरोधी अन्तर्राष्ट्रिय मोर्चाले विश्वलाई फासिवादी पञ्जामा पर्नबाट बचाएको थियो ।

भियतनाममाथि भएको अमेरिकी आक्रमणका विरुद्ध भियतनामको श्रमिक पार्टीको पहलमा बनेको राष्ट्रिय स्तरमा र त्यसलाई समर्थन गर्ने अन्तर्राष्ट्रिय स्तरमा बनेका विभिन्न प्रकारका संयुक्त मोर्चाको दवाव अमेरिकालाई भियतनामबाट पछि हटाउनका लागि एउटा प्रमुख कारण बनेको थियो । चीनमा जापानको आक्रमण भएका बेलामा जापानी आक्रमण विरोधी संयुक्त मोर्चाले खेलेको महत्वपूर्ण भूमिकाको कारण त्यतिखेर जापान पछि हट्न बाध्य भएको थियो । यसको नेतृत्व गर्ने चीन कम्युनिष्ट पार्टीको नेतृत्वमा सन् १९४९ मा नयाँ जनवादी क्रान्ति सम्पन्न हुनका लागि यसले महत्वपूर्ण भूमिका खेलेको थियो ।" (हेर्नुहोस् देजमोको नीति तथा कार्यक्रम)

नेपालमा पनि यस प्रकारको संयुक्त मोर्चा निर्माण भएको हामीसँग अनुभव छ । नेपालमा बहुदलीय व्यस्थाको स्थापना भएको लगत्तै पछि तत्कालीन नेकपा (मशाल)को पहलमा 'नयाँ जनवादी मञ्च'को गठन भएको थियो । जनयुद्धको तयारीको सिलसिलामा 'संयुक्त जन मोर्चा'को गठन गरेर यसलाई क्रियाशिल बनाइएको थियो । नेपालमा अघि बढेको जनयुद्ध सफलताको सन्निकट पुगेको बेलामा क्रान्तिको भएर दलाल, नोकरशाही पुँजीपति र सामन्त वर्गको उत्पीडन र शोषणबाट पिल्सिरहेको छ ।

नेपालमा अघि बढेको जनयुद्ध सफलताको सन्निकट पुगेको बेलामा क्रान्तिको विरोधमा गरिरहेको एउटा समूह नै प्रतिकृयावादीहरूसँग मिलेर त्यही क्रान्तिलाई प्रतिक्रान्तिमा बदल्ने काममा सक्रिय भयो । प्रतिक्रान्तिका श्रृङ्खला अघि बढे । अहिले हाम्रो देशको परिस्थिति झण्डै झण्डै २०५० सालको जस्तो अवस्थातिर पुगेको जस्तो देखिन्छ । यसको अर्थ हामी ठिक ०५० साल मै पुग्यौं भन्ने होइन । २३ वर्षको अन्तरालमा धेरै कुराहरू फेरबदल भएका छन् । तथापि ठूलो धक्का र प्रतिक्रान्तिले गर्दा अस्थायी रुपमा यो प्रतिगमनको स्थितिको सिर्जना भएको हो । त्यसकारण, त्यतिखेर बनेको र क्रियाशिल रहेको संयुक्त मोर्चाबाट धेरै कुराहरू सिक्ने र व्यवहारमा लागू गर्नुपर्ने अवस्था आएको छ ।

**संघर्ष र सत्ताको साधन**

नेपालको इतिहासको पछिल्लो कालखण्डमा, विशेषत : २०५२ र २०६२ सालका वीचमा अनि २०६२, २०६३ सालमा देश आन्दोलित र उद्वेलित थियो । जतासुकै उथल पुथल, आन्दोलन, क्रान्तिकारी उभार देखिन्थ्यो । तर आज देशमा आमूल परिवर्तनका एजेण्डालाई लिएर कुनै प्रभावकारी आन्दोलन छैन । देशमा यति ठूला ठूला राष्ट्रघात, भ्रष्टाचार, दुराचार, उत्पीडन हुँदा पनि समाजमा खासै आक्रोस पोखिएको, प्रतिकृया व्यक्त भएको, उथलपुथल भएको देखिँदैन ।

कुनै समयमा देशको ठूलो हिस्सामा जनसरकारहरू गठन भएका थिए । जनताले आफ्नो अधिकारको राम्रोसँग प्रयोग गरेका थिए र आफैंले शासन गर्दा हुने अनुभूति पनि हासिल गरेका थिए । तर अहिले फेरि उही पुरानै शासन फर्किएको छ, प्रतिक्रान्ति भएको छ । यस प्रकारको अवस्थामा मोर्चाले कस्तो भूमिका खेल्ने भन्ने विषयको ठूलो भूमिका रहेको छ । देजमोले यस विषयमा आफ्नो नीति यस प्रकार स्पष्ट गरिएको छ :

"हाम्रो संयुक्त मोर्चाको भूमिका राम्रो सँग परिभाषित हुनु आवश्यक छ । यो मोर्चाको भूमिका स्पष्ट छ, यो संघर्षको साधन हो र सत्ताको पनि साधन हो । वर्ग संघर्षको विकास र समग्र क्रान्तिकारी आन्दोलनको विकासको स्तर माथि ध्यान दिएर यसको भूमिका पनि निर्धारित हुने गर्दछ । विद्यमान अवस्थामा यो मोर्चाले प्रमुख रुपमा संघर्षको साधनको भूमिका खेल्ने छ । परिस्थितिको परिवर्तन सँगै यसले सत्ताको साधनको भूमिका पनि खेल्ने कुरामा हामी स्पष्ट हुनु जरुरी छ । अहिलेको ठोस अवस्थामा त यसले मूलतः वैधानिक संघर्ष संचालन गर्ने र यसको नेतृत्वगर्ने भूमिका खेल्ने छ । क्रान्तिकारी आन्दोलनको विकास सँगसँगै यसको भूमिकामा पनि तदनुरुपको परिवर्तन हुँदै जाने छ । वैधानिक र अवैधानिक संघर्षका वीचमा कुनै चिनियाँ पर्खाल हुँदैन ।

> यो मोर्चाको भूमिका स्पष्ट छ, यो संघर्षको साधन हो र सत्ताको पनि साधन हो । वर्ग संघर्षको विकास र समग्र क्रान्तिकारी आन्दोलनको विकासको स्तर माथि ध्यान दिएर यसको भूमिका पनि निर्धारित हुने गर्दछ । विद्यमान अवस्थामा यो मोर्चाले प्रमुख रुपमा संघर्षको साधनको भूमिका खेल्ने छ । परिस्थितिको परिवर्तन सँगै यसले सत्ताको साधनको भूमिका पनि खेल्ने कुरामा हामी स्पष्ट हुनु जरुरी छ ।

नेपालमा केही अन्य मोर्चा पनि निर्वाचन आयोगमा दर्ता भएका छन् । तिनीहरू संसदवादमा भासिइसकेका छन् र प्रतिकृयावादी सरकारको मन्त्रीमण्डलमा समेत सामेल भै सकेका छन् । केही त्यस प्रकारका पार्टीले चुनावमा दर्ता नगराएर मोर्चालाई चुनावी प्रयोजनका लागि दर्ता गराएका छन् । तिनीहरूको यो मोर्चा पूर्णतः चुनावी मोर्चा मात्र हो, यो कुनै क्रान्तिकारी मोर्चा होइन । तर हाम्रो यो मोर्चा चुनावी मोर्चा होइन, क्रान्तिकालागि बनेको मोर्चा हो र क्रान्तिका दौरानमा र क्रान्तिपछि पनि सत्ताको साधनका रुपमा यो मोर्चा क्रियाशिल नै रहने छ ।" (देजमोको नीति तथा कार्यक्रम बाट) ।

**सामन्तवाद, साम्राज्यवादविरोधी मोर्चा**

नेपाली समाज अहिले पनि आन्तरिक रुपमा दलाल, नोकरशाही पुँजीपति र कमजोर सामन्त वर्ग तथा वाह्य रुपमा साम्राज्यवाद र विस्तारवादको उत्पीडनको शिकार भएको छ । यी दुबैबाट मुक्तिका लागि सामन्तवाद, साम्राज्यवाद विरोधी मोर्चाको आवश्यकता खड्किएको विषय हो । मोर्चाको यस प्रकारको चरित्र बारे यसरी स्पष्ट गरिएको छ, " त्यसकारण, नेपालमा हुने आमूल परिवर्तनले यी दुबैबाट नेपाल राष्ट्र र नेपाली जनताको मुक्तिको ग्यारेण्टी गर्नु पर्दछ । हामीले जुन क्रान्तिकारी संयुक्त मोर्चाको कुरा गरिरहेका छौं, त्यो यी दुईबाट मुक्तिकालागि गरिने संयुक्त मोर्चा हो । नेपालमा यस प्रकारको संयुक्त मोर्चा यतिखेर झन् बढी खट्किएको विषय हो । त्यसकारण अहिले नेपालमा यस प्रकारको बृहद् संयुक्त मोर्चा निर्माण आवश्यक छ ।

यो आफैं एउटा संयुक्त मोर्चा भएको हुनाले समान विचार राख्ने त्यस प्रकारका मोर्चा छन् भने तिनीहरू सँग एकता गर्दै जाने कुरा स्वभाविक हो । यदि समग्र विषयमा मिल्न सकेन भने पनि आंशिक रुपमा एजेण्डाहरू मिल्दछन् भने कार्यगत एकता गरेर भए पनि संघर्षलाई अघि बढाउन सकिने छ । एउटा सच्चा सर्वहारा वर्गको पार्टीको नेतृत्वमा बनेको यस प्रकारको संयुक्त मोर्चाले नै आमूल परिवर्तनको लक्ष सम्म पुऱ्याउन सक्दछ ।"(उही) ।

**मोर्चाको अनिवार्य आवश्यकता**

देशभक्त जनगणतान्त्रिक मोर्चाको गठन निर्वाचन उपयोगका लागि वा केवल निर्वाचन प्रयोजनका लागि गरिएको होइन भन्ने कुरा माथिको प्रस्तुतीबाट स्पष्ट भएको छ । यसो भनिरहँदा मोर्चा निर्वाचनप्रति निरपेक्ष छ भन्ने अर्थ लगाइनु हुँदैन । यतिखेर नेपालमा केही पश्चगामी पार्टीहरू मिलेर एकथान संविधान त जारी गरेका छन्, तर त्यो पश्चगामी चरित्रको भएको हुनाले त्यसको विरोध पनि भैरहेको छ र त्यसलाई कार्यान्वयन गर्ने हिम्मत तिनीहरूको देखिँदैन । प्रतिक्रियावादी सत्ता संचालन गर्नेहरूले पटक पटक चुनावको मिति पनि तोके । तर चुनाव हुने संभावना आजसम्म पनि देखिएको छैन ।

जहाँसम्म हाम्रो सोचाई छ हामी यो पश्चगामी संविधान लागु गर्न नदिने पक्षमा छौं । चुनाव न होस् भन्ने पक्षमा छौं । तर कसैगरी देश चुनावमा जाने नै अवस्था भयो भने हामीले ठिक संविधान सभा- २ कै नीति अपनाउने छैनौं । यदि चुनावलाई उपयोग गरेर जनताको वढी सेवागर्न सकिन्छ, क्रान्तिको तयारी बढी गर्न सकिन्छ भन्ने अवस्था आयो भने त्यसको उपयोगका लागि मोर्चाले निर्वाचन आयोगमा दर्ता गराएर चुनावमा जान सक्दछ । यदि वहिष्कार गर्दा त्यो उपलब्धि हुने भयो भने त्यसलाई वहिष्कार गर्न सकिन्छ । अन्ततः संसदीय व्यवस्थाका चुनावलाई उपयोग गर्ने कि वहिष्कार गर्ने भन्ने विषय कार्यनीति के विषय हो, रणनीतिको होइन । परिस्थिति अनुसार कुनै पनि निर्णय गर्न हामी स्वतन्त्र छौं ।

खासमा मोर्चाको आवश्यकता किन पऱ्यो ? भन्ने विषयमा मोर्चा कै भनाई यस्तो छ : "नेपाली समाज पछिल्ला दशकमा दश वर्षको महान जनयुद्ध (२०५२-२०६२) र ऐतिहासिक जनआन्दोलन (२०६२/०६३) को उथल पुथलमय समयबाट गुज्रियो । यो जनक्रान्तिले पूर्णता पाउने आसा गरेका नेपाली जनताले त्यसको ठिक विपरीत अर्को प्रतिक्रान्तिको शृंखलाको सामना गर्नु पऱ्यो । अहिले पनि नेपाली समाज त्यही शृंखलाबाट गुज्रिरहेको छ ।

शोषण र उत्पीडनका रुपहरूमा केही हेरफेर अवश्य भएको छ । तर, नेपाली समाज अहिले पनि दलाल र नोकरशाही पुँजीपति वर्ग र सामन्त वर्गको उत्पीडन र शोषणबाट पिल्सिरहेको छ । नेपाली समाजमा विद्यमान यो अन्तरविरोधको समाधान फेरि अर्को सशक्त संघर्ष, सशक्त जनआन्दोलन, र अग्रगामी क्रान्तिले मात्र गर्न सक्नेछ । त्यसको तयारीका लागि यो मोर्चाको टड्कारो आवश्यकता छ ।"(उही) ।

मोर्चाको बारेमा व्यापक छलफल र बहसहरूको आवश्यकता छ । यसबारे धेरै व्याख्या, विश्लेषणको आवश्यकता छ । प्रस्तुत लेखमा संक्षिप्तमा जे जति चर्चा गरियो, त्यसले यसको मूल नीतिका बारेमा बुझ्न सहयोग पुऱ्याउने छ भन्ने लागेको छ ।

१ आश्विन ०७३

> सप्तरी तिलाठीका जनताले सीमामा भारतीय पक्षको हस्तक्षेपको प्रतिरोध गरेर सिंगो मधेस मात्र होइन, पूरै नेपाललाई खासगरी यो खस पहाडीया अहंकारवादलाई हामी मधेसका विना बर्दीका सिपाही हौं भन्ने सन्देश दिएका छन् । यसको प्रभाव सम्पूर्ण देशैभरि सकारात्मक परेको हुनाले दलाली गर्ने शासकहरूलाई पाठ सिक्न सन्देश दिएका छन् । यो देशको एक इन्च जग्गा भारतलाई नछोड्न पाठ सिकाएका छन् ।

# उत्पीडित मधेसीहरू अब सर्वहारा वर्गको नेतृत्वमा संघर्ष गर्नुपर्ने निष्कर्षमा छन् : कृष्णदेव सिंह



➲ ***मिथिला राज्यमा क्रान्तिकारी माओवादीको सांगठानिक तथा राजनीतिक उपस्थिति कस्तो रहेको छ ? बताइदिनुस् न ।***

सापेक्षिक हिसाबले मिथिला राज्यमा क्रान्तिकारी माओवादीको सांगठानिक र राजनीतिक अवस्था राम्रो छ । सबभन्दा राम्रो सिराहा, त्यसपछि महोत्तरी, धनुषा, सर्लाहीमा छ । तुलनात्मक रुपमा अलि कमजोर सप्तरीमा छ । सरकारी अफिसहरूमा केही कार्यक्रम हुँदा प्रायः सबैमा हामी उपस्थित हुन्छौं र जनताहरूको कामका लागि हामी हस्तक्षेपकारी भूमिका खेलिरहेका छौं । पार्टी र क्रान्तिबाट केही अवसरवादी तत्वहरू पलायन भए । तर अधिकांश क्रान्तिकारी साथीहरू अहिले पनि पार्टीप्रति प्रतिबद्ध भएर लागिरहनु भएको छ । हामीले जुन व्यवस्थाका विरुद्ध दशवर्ष सशस्त्र संघर्ष गऱ्यौं, त्यो व्यवस्था अहिले पनि कायम छ । अहिलेको राज्यव्यवस्था भनेको प्रतिक्रियावादी व्यवस्था नै हो । यसबाट सर्वहारा वर्गको मुक्ति सम्भव छैन भनेर जनतामाझ हामीले आफ्ना विचार र राजनीतिलाई लिएर गएका छौं । दक्षिणपन्थी अवसरवाद, प्रतिक्रियावाद, विस्तारवाद र साम्राज्यवादको विरोध र भण्डाफोर कार्यक्रम गरी आफ्नो पहिचान कायम गरिरहेका छौं ।

➲ ***दशवर्षे जनयुद्धमा हजारौं मधेसी जनयोद्धाहरूले त्याग, तपस्या र वलिदान गरे, तर त्यस मुताविक राज्यव्यवस्थामा परिवर्तन नहुँदा जनतामा त्यसको कस्तो प्रभाव परेको पाउनु भएको छ ?***

दशवर्षे जनयुद्धमा हजारौं मधेसी जनयोद्धाहरूले त्याग, तपस्या र वलिदान गरे तर त्यस अनुसार राज्यव्यवस्थामा परिवर्तन नहुँदा जनतामा खासगरी आफूलाई माओवादी भनाउँदा संशोधनवादीप्रति घृणा, आक्रोश चुलिएको पाइन्छ । सहिदहरूको बलिदान, कार्यकर्ताको त्याग र जनताको परिवर्तनको चाहनामाथि गद्दारी गर्ने दक्षिणपन्थी तत्वसँग पुनः बदला लिने अठोट गरेको देखिन्छ । झन् माओवादीका नाममा देश बेच्ने, अकूत सम्पत्ति जम्मा गर्ने, दलाली गर्ने, भ्रष्टाचार गर्ने राजनीतिक नेता, सांसद, मन्त्रीहरूलाई जनताले 'खुन र पसिना चुस्ने उपियाँ रहेछन्' भन्ने गरेको पाइन्छ । जनताका छोराछोरीहरूले बगाएको रगतमाथि जनयुद्धको नेतृत्व गरेकाहरूले नै खेलवाड गरेको उनीहरूको निष्कर्ष छ । उनीहरूको भण्डाफोर गर्दै जनताहरू गोलवन्द भई उठिरहेका छन् ।

➲ ***मधेसी जनतालाई अधिकारसम्पन्न कसरी बनाउन सकिन्छ ? के मधेसवादी दलहरूबाट मधेशका शोषित–उत्पीडित जनताले मुक्तिको आशा गर्न सक्छन् ?***

मधेसी समुदायलाई खस पहाडी उच्च अहंकारवाद, सामन्तवाद र भारतीय विस्तारवादबाट बारम्बार वर्षौंदेखि उत्पीडित, अपहेलित हुँदै आएको सर्वविदितै छ । त्यसबाट मुक्तिको लागि मधेसी समुदायले बारम्बार आन्दोलन गरेकै हुन् । तर आफ्नो वास्तविक मुक्ति कस्ले गर्ने हो ? हाम्रो मुक्तिदाता को हुन् भनेर नबुझ्दा बारम्बार धोका खाइरहेका छन् । भद्रकाली मिश्र, वेदानन्द झा, रामेश्वर राय, उपेन्द्र यादवदेखि महन्थ ठाकुरसम्म आइपुग्दा एउटै इतिहास दोहोरिरहेको छ । किनकि मधेश, देश र संसारमा दुई वर्ग छन्, एउटा शोषक र अर्का शोषित । माथि उल्लेखित नेताहरू शोषक, सामन्त र दलाल पुँजीपति वर्गका प्रतिनिधि भएको हुनाले उनीहरूबाट वास्तविक शोषित उत्पीडित मधेसीहरूले मुक्ति पाउने कुरा कल्पना नै गर्न सकिन्न । किनकि, एउटा उखान छ- चोर चोर मसिऔत भाई । तसर्थ, मधेसी जनताको वास्तविक अधिकारको या मुक्तिको लागि सच्चा सर्वहारा वर्गको नेतृत्वमा मार्क्सवाद-लेनिनवाद-माओवाद सिद्धान्तको आधारमा नयाँ जनवादी क्रान्तिबाट मात्र सम्भव छ । त्यसको लागि सही माओवादी पार्टी र सर्वहाराकृत विचार भएको पार्टीले मात्र गर्ने भएको हुनाले त्यस्ता नेता र पार्टीमा गोलबन्द भई आफ्नो मुक्तिको लागि अग्रसर हुन जरुरी छ ।

➲ ***राजनीति हिसाबले हेर्दा मधेशका समस्याहरू के के हुन् ? राज्यव्यवस्थाबाट भएका उत्पीडनका स्वरुपहरू के कस्ता रहेका छन् ?***

राजनीतिक रुपले हेर्दा मधेसका समस्या जातीय समस्या भनेर यो सरकारले नबुझिदिएर भएको समस्या हो । राज्य व्यवस्थाबाट राजनीतिक, भौतिक, आर्थिक, मधेसीहरूलाई दुई नम्बरको नागरिक बुझ्ने समस्या नै मुख्य समस्या हो । मधेसी भनेर सँधै अपहेलना गर्ने, धोती, मधिसे, भैया भनेर होच्याउने, राज्यका विभिन्न अङ्गहरूमा समानुपातिक समावेशी नगराउने, जनसंख्यालाई गौण बनाउने, आफ्नै देशमा दोस्रो दर्जाको नागरिक देख्ने लगायतका उत्पीडनका स्वरुपहरू छन् ।

➲ ***मधेसमा सर्वहारावर्गीय आन्दोलन (कम्युनिष्ट आन्दोलन) उठ्न नसक्नुमा चाहिं के कारण देख्नुहुन्छ ?***

मधेसमा सर्वहारा वर्गीय ठूला ठूला आन्दोलन भएका छन् । भकारी फोर आन्दोलन, किसान आन्दोलन, विराटनगर जुटमिलको आन्दोलन, ०३६, ०४६ साल लगायतका आन्दोलनहरू भएका छन् । त्यसबाट सर्वहारा वर्गीय आन्दोलनलाई ठिकसँग अगाडि बढाउनको लागि जसरी कम्युनिस्ट पार्टी अगाडि आउनु पर्दथ्यो, त्यसमा केही कमजोरी भएका छन् । किनकि, अहिलेसम्म सर्वहारा वर्गको पार्टीको नेतृत्व मधेसबाट उठेको छैन । यसमा निम्न पुँजीपति चिन्तन, सामन्तवादी प्रभाव, परेको हुनाले र सही विचार बुझ्न नसक्नु कारणहरू हुन् । त्यसकारण अब माथिका विचारबाट उठ्नको लागि सही मालेमावादी सिद्धान्तको अध्ययन र त्यसलाई व्यवहारबाट जोड्दै अगाडि बढ्न जरुरी छ । त्यसको लागि सिद्धान्तबाट व्यवहार, व्यवहारबाट सिद्धान्त फेरि सिद्धान्तबाट व्यवहार हुँदै अगाडि बढ्नु र बढाउनु पर्दछ । यही प्रक्रियाका बीचबाट नै मधेशमा सर्वहारावर्गको कम्युनिष्ट क्रान्तिकारी पार्टी निर्माण गरेर अगाडि बढ्न सकिन्छ ।

➲ ***मधेशका समस्याहरूको वैज्ञानिक समाधान के हुन सक्छ ? यससम्बन्धी क्रान्तिकारी माओवादीको नीति, योजना के छ ?***

मधेसका समस्याहरूको वैज्ञानिक समाधान द्वन्द्वात्मक भौतिकवादमा आधारित मार्क्सवाद-लेनिनवाद-माओवादको आलोकमा आत्मनिर्णयको अधिकारसहितको पहिचानमा आधारित संघीयता, पूर्ण समानुपातिकता यसको लागि जातीय आन्दोलनसँगै वर्गीय आन्दोलनबाट मात्र मुक्ति सम्भव हुन्छ । जातीय आन्दोलनबाट जातिवादमा फस्छ र फेरि सामन्तवाद, साम्राज्यवाद, विस्तारवादलाई फाइदा हुन्छ । यसर्थ हाम्रो पार्टीले मधेस लगायत सबै उत्पीडित जातजाति, क्षेत्र, लिङ्गलाई पूर्ण मुक्तिको लागि सर्वहारा वर्गको नेतृत्वमा नयाँ जनवादी क्रान्तिबाट गर्ने नीति लिएको छ ।

➲ ***मधेशमा भारतीय हस्तक्षेपका उत्पीडनहरू पनि त्यत्तिकै देखिन्छन् । खासगरी सीमामा बस्ने नेपालीहरूले के कस्ता समस्याहरू झेल्नु परेको देख्नुहुन्छ ?***

सीमामा बसेका मधेसीहरू भारतीय विस्तारवादका समस्या वर्षौंदेखि चल्दै आएका छन् । कपिलवस्तुको महुलिसागर बाँध होस्, मेचीको काँकडभिट्टामा सयौं विघा जमिन होस्, सिराहा, सप्तरी, धनुषा, महोत्तरी, सर्लाही लगायतका मधेसका विभिन्न जिल्लाहरूमा सयौं ठाउँमा सीमा स्तम्भहरू सारिएका छन् । बेलाबेलामा मधेसको सीमाभित्र पसी सर्वसाधारण जनताहरूमा आतंक मच्चाएका छन् । त्यो सुनसरीलगायत जिल्लाहरू हुन्, समय समयमा भारतीय बजारमा गएको बेला दुःख दिएको विभिन्न पत्रिकामार्फत् सार्वजनिक भइरहेकै छन् । अहिले बोर्डरमा भारत सरकारले एकतर्फी बाँध बाँध्ने कामले आउने समयमा मधेसका धेरै गाउँ डुबानमा परेर विस्थापित हुने त्यत्तिकै सम्भावना देखिन्छ । तसर्थ यस विषयहरूमा मधेसका स्वाभिमानी जनसमुदायहरू संगठित भएर मात्र यसको समाधान हुनसक्छ । नत्र अझ उत्पीडनका दिनहरू आउने संकेत भारतपक्षले देखाइरहेका छन् ।

➲ ***सप्तरीको तिलाठीका जनताले त सीमामा भारतीय पक्षबाट एकतर्फी रुपमा बाँधिएको बाँध भत्काइदिए र भारतीय हस्तक्षेपको प्रतिरोध गरे, त्यसको सिंगो मधेसमा कस्तो प्रभाव परेको पाउनु भएको छ ?***

सप्तरी तिलाठीका जनताले सीमामा भारतीय पक्षको हस्तक्षेपको प्रतिरोध गरेर सिंगो मधेस मात्र होइन, पूरै नेपाललाई खासगरी यो खस पहाडीया अहंकारवादलाई हामी मधेसका विना बर्दीका सिपाही हौं भन्ने सन्देश दिएका छन् । यसको प्रभाव सम्पूर्ण देशैभरि सकारात्मक परेको हुनाले दलाली गर्ने शासकहरूलाई पाठ सिक्न सन्देश दिएका छन् । यो देशको एक इन्च जग्गा भारतलाई नछोड्न पाठ सिकाएका छन् । यस्तै भारतले बोर्डरमा बाँध बाँध्दा बाँके बर्दियाका जनताले पनि साहसिक काम गरेका छन् तर विडम्बना ! यो देशको सरकार, आफूलाई राष्ट्रवादी भन्ने पार्टी, आफूलाई मधेसका मसिहा ठान्नेहरू मौन छन् । तर तसर्थ जहाँ जुन ठाउँमा यो देशप्रति कसैले आँखा देखाउने कोशिस गऱ्यो भने तिलाठीको जनताजस्तै उठेर प्रतिरोध गर्ने सन्देश दिएका छन् ।

➲ ***मधेशमा वर्ग अन्तरविरोध चाहिं के कस्तो अवस्थामा रहेको छ ?***

मधेसमा वर्ग अन्तरविरोध उत्कर्षको रुपमा रहेको छ । किनकि, मधेसीहरू पहाडीया अहंकारवाद र भारतीय विस्तारवाद, सामन्तवाद र दलाल पुँजीपतिबाट आजित भएका छन् । बारम्बार संघर्षहरू उठ्दा पनि कुनै न कुनै रुपमा घुमिफिरी रुम्जाटार भनेजस्तै भएका छन् । अर्थात् विभिन्न संघर्षहरूमा सयौंको संख्यामा शहादत प्राप्त गर्दा पनि दलाल पुँजीपति र सामन्तवर्गको गोलचक्करमा आन्दोलन समाप्त भएको हुनाले सम्पूर्ण मधेसी जनताहरू अब आफ्नो पूर्ण मुक्तिको लागि सर्वहारा वर्गको नेतृत्वमा जातीय र वर्गीय मुक्तिबाट मात्र सम्भव हुने कुरा बुझेर त्यही अनुसार संगठित भई अगाडि बढ्न जुर्मुराईरहेका छन् ।

➲ ***क्रान्तिकारी माओवादीप्रति मधेसी जनता आफ्नो मुक्तिका निम्ति आशावादी हुनुपर्ने कारणहरूबारे संक्षिप्तमा प्रकाश पारिदिनुस् न ।***

नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी) ले उत्पीडनमा परेका जात, जाति, क्षेत्र, लिङ्ग र समुदायलाई वास्तविक मुक्ति यो प्रतिक्रियावादी सत्ताबाट नहुने भएको हुनाले यसमा वा यो सरकारमा प्रतिनिधित्व गर्ने सामन्त, दलाल, नोकरशाह पुँजीपति र प्रतिक्रियावादीहरू जबसम्म आमूल नष्ट गरिंदैन, त्यसको ठाउँमा उत्पीडित वर्ग र क्षेत्रमा पूर्ण सत्ता हस्तान्तरण गर्ने नीति लिइएको हुनाले मधेसी जनतालगायत सम्पूर्ण नेपाली जनताहरू क्रान्तिकारी माओवादीप्रति आशावादी बनेका छन् । किनकि, अहिले नेपालमा आफूलाई राष्ट्रवादी भनाउँदाहरू एकपछि अर्को गरी नेपालका विभिन्न नदीनालाहरू भारतसँग सम्झौता गरी नेपाली नदीबाट नेपालमै सिचाईं गर्न नपाउने, विभिन्न बाँध बाँधेर नेपाल डुबाउने, नेपालीहरूलाई विद्युत उत्पादन गर्न नदिई भारतीयलाई विद्युत उत्पादन गर्न दिनेको विरुद्धमा नेकपा (क्रान्तिकारी माओवादी)ले राष्ट्रियता, जनतन्त्र, जनजीविका, अपर कर्णालीलगायतका मुद्दाहरू उठाई नेपालीहरूको पक्षमा आवाज उठाएको हुनाले सम्पूर्ण नेपालीहरू आशावादी भएका छन् ।

➲ ***अन्तमा, आम शोषित–पीडित मधेसी, थारु, मुस्लिम, दलित तथा जनजाति लगायतका जनसमुदायमा के आव्हान गर्न चाहनुहुन्छ ?***

नेपाल बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक भएको स्वतन्त्र देश हो । नेपाल एकीकरण हुनुभन्दा अगाडि यहाँ विभिन्न जनजाति, मधेसी, दलित, थारुहरूको राज्य स्थापना भएको इतिहासमा पाइन्छ । नेपाल एकीकरण भएपश्चात माथि उल्लेखित समुदायहरूलाई यो राज्यसत्ताबाट वञ्चित गराई विभिन्न किसिमका उत्पीडनमा राखिंदै आएका छन् । एउटा मुख्य खस पहाडीया अहंकारवादले सामन्तवादी व्यवस्था हुँदै दलाल पुँजीपतिमा परिणत भई आम शोषित पीडित मधेसी, थारु, मुस्लिम, दलित, महिला, जनजाति लगायतलाई भ्रममा पारिरहेका छन् । आफूलाई माओवादी भन्नेहरू जो आफ्नो चुनावी मुखपत्रमा विभिन्न पहिचानसहितको जाति क्षेत्रलाई राज्य दिने उल्लेख गरे तापनि आज छेपारोको जस्तो रङ बदलेर यिनै जातिहरूमाथि बुल्डोजर चलाएर दबाउन खोजिरहेका छन् । त्यस पार्टीका नयाँ जोगी जुन चुनाव बहिष्कार गरेकाहरू, आज शानका साथ यही प्रतिक्रियावादी संविधान लागू गराउने अठोटका साथ अगाडि बढिरहेका छन् । बाबुरामजीले अब मार्क्सवाद पुरानो भएको हुनाले योबाट अब जनताको मुक्ति नहुने फालाकीरहेका छन् । सारमा मार्क्सवादी वा माओवादी भनाउँदाहरूले मालेमावादको रटान लगाएर मालेमावादकै गला रेटिरहेका छन् । आफ्ना मालिक विस्तारवाद र साम्राज्यवादको दलाली गरेर दलाल पुँजीवाद लाद्न खोजिरहेका छन् । त्यसका विरुद्ध आम शोषित पीडित मधेसी, थारु, मुस्लिम, दलित, महिला तथा जनजाति लगायतका सम्पूर्ण जनसमुदायहरू अब अरुको निम्ति होइन कि आफ्नो र आफ्नो वर्गको लागि, आफ्नो सम्मानको लागि, आफ्नो देशको लागि र संसारका उत्पीडित वर्गको लागि मार्क्सवाद-लेनिनवाद-माओवादको वैचारिक आलोकमा एकभई लड्न जरुरी छ । सही सर्वहारावादी विचारको आधारमा आफ्नो जित सुनिश्चित गर्नको लागि संगठित र अनुशासित भई अगाडि बढेमा संसारको कुनैपनि ताकतले उत्पीडित वर्गलाई रोक्ने कोशिस गरे ती आफै खरानी भएर जानेछन् र सर्वहारा वर्गको मुक्ति सुनिश्चित हुनेछ ।

# ‘विचार–राजनीति–संगठन–संघर्ष’को अन्तरसम्बन्ध

“पार्टी चाहे जतिसुकै कमजोर किन नहोस्, फेरि पनि उसले कुशलतापूर्वक सुव्यबस्थित र सुसंगठित ढङ्गले सञ्चालन गर्ने आमूल परिवर्तनकारी प्रचारद्वारा उत्तेजक राजनीतिक घटनाहरू वा समग्र अर्थतन्त्रलाई नै प्रभाव पार्ने किसिमका व्यापक हड्तालहरूबाट प्रशस्त लाभ हासिल गर्न सक्दछ । यदि पार्टीले कुनै विशेष परिस्थितिको उपयोग गर्ने निर्णय गरेको छ भने उसले आफ्ना सम्पूर्ण सदस्य र पार्टी कमिटीहरूको उर्जा यस अभियानमा केन्द्रित गर्नुपर्दछ ।'' मार्क्सवादी रुपरेखा-लेनिन

उपरोक्त भनाईले एउटा क्रान्तिकारी पार्टीले गर्ने कामका लागि धेरै महत्व राख्दछ । पार्टी कति कमजोर छ वा शक्तिशाली भन्ने कुरा भन्दा पनि पार्टीले कस्ता नीति बनाउँछ, कस्ता कार्यक्रम बनाउँछ र संघर्षप्रति कति कुशलता देखाउँछ भन्ने कुराले महत्व राख्दछ । त्यति मात्र होइन आफ्नो पार्टीपंक्तिको सम्पूर्ण शक्ति (उर्जा) त्यसमा समाहित र क्रियाशिल गर्ने कुरालाई पनि त्यत्तिकै महत्व दिएको छ । अतः एउटा क्रान्तिकारी पार्टीले ध्यान दिनुपर्ने कुरा आफ्नो शक्ति कति छ भन्ने कुरामा हेक्का राख्नु पर्दछ । तर त्यो भन्दा पनि महत्वपूर्ण बिषय क्रान्तिकारी नीति, संगठन र संघर्ष सम्बन्धी सहि दृष्टिकोण निर्णायक कुरा हो ।

नेपालको कम्युनिष्ट आन्दोलनको इतिहासलाई हेर्दा पनि त्यो कुरा राम्ररी पुष्टी हुँदै आएको छ । जसले क्रान्तिकारी नीति, संगठनात्मक प्रणाली र संघर्षसम्बन्धी कार्ययोजना छोड्दै गए ती जति ठूला भएपनि त्यसले क्रान्तिकारी आन्दोलनलाई भन्दा प्रतिक्रियावादी व्यवस्थालाई सहयोग गर्ने र त्यसैमा कैद हुँदै आएका तथ्यहरू हाम्रा अगाडि छन् । तसर्थ, क्रान्तिकारीहरूले ध्यान दिनुपर्ने विषय भनेको विचार राजनीति सही छ वा छैन भन्ने नै हो । यो मुख्य विषय हो । त्यसका साथै ती विचारका आधारमा पार्टी संगठनको निर्माण र रणकौशलता देखाउन सक्छ वा सक्दैन भन्ने कुराले महत्व राख्दछ । आज पनि केन्द्रीय विषय क्रान्तिकारी पार्टीको निर्माण र त्यसको योजनामा वर्ग संघर्षका ज्वारभाटाद्वारा समाजको रुपान्तरण गर्ने कुरालई केन्द्रविन्दु बनाउने वा नबनाउने भन्ने कुरा हाम्रा अगाडि मुख्य चुनौति छन् । कम्युनिस्ट आन्दोलनमा विगतमा क्रान्तिकारी भूमिका खेलेका कतिपय शक्ति र व्यक्तिहरू आज संसदीय व्यबस्थाका कठ्पुतली बनिरहेको पृष्ठभूमिमा क्रान्तिकारी आन्दोलनलाई अगाडि बढाउन सामान्य सैद्धान्तिक बिषयको चर्चा गरेर मात्र त्यो दायित्व पुरा हुँदैन । त्यसको लागि एकातिर वैचारिक राजनैतिक हिसावले क्रान्तिकारीहरूले आफ्नो श्रेष्ठता देखाउन सक्नु पर्दछ भने अर्कोतर्फ संगठन र संघर्षका दृष्टिकोणले पनि अग्नीपरीक्षा पास गर्न जरुरी छ । एंगेल्सले भनेजस्तै दर्जनौ कार्यक्रमका तुलनामा एउटा सघर्ष धेरै महत्वपूर्ण हुन्छ । यो कुरालाई दृढतापूर्वक कार्यान्वयन गर्ने कुरामा विशेष ध्यान जान जरुरी छ ।

निश्चय नै क्रान्तिकारी आन्दोलन यतिबेला कमजोर अवस्थामा छ । तर त्यसको अर्थ, क्रान्तिकारी संघर्षका लागि आधार छैन भन्ने होइन । अहिले पनि समाजमा अन्तरविरोध कायम छ र, त्यो नै सघर्षको मूल आधार हो । समाजमा रहेको शोषण, उत्पीडन र विभेदले क्रान्तिकारी आन्दोलनको माग गरिरहेको छ । त्यो मागको सम्बोधन विद्यमान प्रतिकृयावादी


प्रेम सुवेदी

व्यवस्थाद्वारा सम्भव नहुने कुरा स्पष्ट हुँदै गएको छ । तसर्थ कम्युनिष्ट क्रान्तिकारीहरूले सुव्यस्थित ढंङ्गले अहिलेको अन्तरविरोधलाई सही तरिकाले उपयोग गर्दै क्रान्तिकारी आन्दोलनको विकास गर्ने कुरामा विशेष ध्यान दिनु पर्दछ । आन्दोलनको चर्चा गर्दा त्यो सँग जोडिएको आधारभूत कुरा संगठन हो । संघर्षलाई निर्णायक बनाउने कुरासँग संगठनको स्वरुप, सघर्षका पक्षमा रहेका शक्तिहरूको व्यवस्थापन र आर्थिक जस्ता कुरा धेरै महत्वपूर्ण विषय हुन् । यी विषयमा ध्यान पुगेन भने संघर्षले ठोस परिणाम प्राप्त गर्न असम्भव हुन्छ । त्यसैले पार्टीको योजनालाई सफल पार्न संघर्षका एजेण्डाका साथै पार्टी सदस्य र कमिटिहरू त्यो योजनामा कति सक्रिय हुन्छन् भन्ने कुराले ठूलो महत्व राख्दछ ।

नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी)ले विचारधारात्मक हिसाबले दक्षिणपन्थी संशोधनवाद तथा नवसंसोधनवादका विरुद्ध संघर्ष गर्दै क्रान्तिकारी विचारको रक्षा गर्दै आएको कुरा स्पष्ट छ । यसका साथै संगठनात्मक र संघर्षका हिसावले पार्टीलाई नयाँ जगमा स्थापित गर्न क्रान्तिकारी संघर्षको विकासमा पनि त्यतिकै सचेततापूर्वक ध्यान दिदै आएको छ । पार्टी संगठनात्मक हिसाबले यतिवेला कमजोर भए पनि आफ्ना उद्देश्यप्रतिको प्रतिवद्धता र दृढताले संघर्षका आधारहरू निर्माण हुँदै आएका छन् । त्यसप्रति सिङ्गो पार्टीपंक्तिलाई व्यवस्थित गर्दै संघर्षका औजारका रुपमा विकास गर्नु नै अहिलेको कार्यभार हो । निश्चय नै पार्टीमा भएका टुट फुट र विभाजन र विगतको नेतृत्वबाट हुँदै आएको धोका र आत्मसमपर्णवादी चिन्तनले कतिपय प्रश्नहरू उठ्दै आएका छन् । र, त्यसको उचित जवाफ वैचारिक राजनैतिक हिसावले हामीले दिंदै आएका छौं त्यो सही छ । तर त्यतिले मात्र क्रान्तिकारी आन्दोलनको आवश्यकता पुरा हुँदैन । त्यसका लागि संघर्षको मोर्चाबाट पनि हामीले आफ्नो परीक्षा पास गर्नु अनिवार्य छ । यो कुरालाई ध्यान दिदै पार्टीले पार्टी निर्माण, संघर्ष र आर्थिक प्रश्नलाई निकै महत्वका साथ उठाउँदै आफ्ना कार्य योजना निर्माण गरेको छ ।

यतिबेला पार्टीको निर्धारित योजनाअनुसार सबै सदस्य र पार्टीपंक्तिले आफ्नो सम्पूर्ण उर्जा लगाएर योजना सम्पन्न गर्नु सबैको दायित्व र कर्तव्य हुन्छ । निराश भएर होइन, क्रान्तिकारी आन्दोलनका उद्देश्यलाई केन्द्रमा राखेर पार्टीका सबै योजनाहरूमा संगठन, आर्थिक र संघर्ष सबै क्षेत्रमा प्रभावकारी बनाउन सके मात्र हामीले थप संघर्षलाई अगाडि बढाउन सक्नेछौं । अहिलेको आवश्यकता मुख्यतः पार्टी निर्णयलाई सर्वोपरी मानेर यसको कार्यान्वयन नै हो । पार्टी कमजोर भयो भनेर चिन्ता गर्ने र निराश हुने कुराले पार्टी र आन्दोलनलाई बलियो बनाउँदैन । पार्टीको योजना अनुसार सम्पूर्ण पार्टीपंक्ति सक्रिय हुने र निश्चित गरिएका संघर्ष लगायतका कार्यक्रमलाई कुशलतापूर्वक अगाडि बढाउने हो भने हामीसँग नभएको शक्ति पनि प्राप्त हुन्छ । र, हामीले क्रान्तिकारी आन्दोलनलाई नयाँ उचाईमा उठाउन सक्दछौं । देशमा रहेका विद्यमान समस्याहरूको समाधान वर्तमान राज्यव्यवस्थाले पुरा गर्न नसक्ने र उनीहरू एक पछि अर्को रुपमा असफल हुँदै गएको पृष्ठभूमिमा क्रान्तिकारीहरूको दायित्व स्वतः बढेको छ । त्यो कुरालाई हाम्रो पार्टीले गंभीरताका साथ लिंदै क्रान्तिका लागि वस्तुगत अवस्था निर्माण हुँदै आएको छ । त्यसलाई सहि दिशामा लैजान र संघर्षलाई निर्णायक बनाउन ... बाँकी ७ पेजमा

# राष्ट्रघातको नवीनीकरणमा सहीछाप

माओले भनेका छन्, ‘जब शत्रुले तिम्रा कामको प्रशंसा गर्न थाल्दछ, तिमीले बुझ्नु पर्दछ तिमीले गलत काम गरिरहेका छौं । अनि जब शत्रुले तिम्रा कामहरूको धुँवाधार बिरोध गर्दछ, तिमीले सम्झनु पर्दछ कि तिमीले सही काम गरिरहेका छौं ।’

हामीले भारतलाई आफ्नो दुश्मन मान्दैनौं । मित्र नै मान्दछौं । तर पनि उसको हामी र हाम्रो देशप्रतिको व्यवहार कहिले पनि मित्रको जस्तो छैन । शत्रुकै जस्तो छ । यसैले पनि भारतले जब जब हाम्रा नेताको प्रशंसा गर्न थाल्दछ, हामीले के बुझ्न जरुरी छ भने हाम्रा नेताले हाम्रो अहितमा र भारतको हितमा काम गरिरहेका छन् । उनीहरूले भारतले आफ्नो स्वार्थमा जे जे कुरा मागेका छन्, हाम्रा नेताले दानवीर कर्णले जस्तै आफ्नो छातीको कवज पनि आफू रक्त्याम्मै हुँदै निकालेर दान दिएका छन् । उनीहरू सारा राज्य मागे भने पनि राजा हरिश्चन्द्र जस्तै बनेर आफ्नो सर्वस्व दान दिन तयार भएका छन् । भारतले कोशी माग्यो । हाम्रा नेताले कोशी भारतको चरणकमलमा टक्र्याए, राखिदिए । भारतले उनीहरूको एकदमै प्रशंसा गर्‍यो । भन्यो, ‘स्याबास् ! गोर्खे नेता ।’ त्यसरी नै हाम्रा नेतासित भारतले गण्डकी माग्यो । हाम्रा नेताले गण्डकी पनि भारतको चरणकमलमा श्रद्धा भक्तिपूर्व राखिदिए । भारतले भन्यो, ‘स्याबास् ! बहादुर तैंले ठीक गरिस्, गर्नसम्म गरिस् ।’ ‘एकपल्ट पल्केको टिल्के घरि घरि झुल्के’ भने जस्तै भारतले. महाकाली माग्यो । हाम्रा प्रिय महान नेताहरूले सोंचे मालिकको चाकरी गर्ने यो एउटा स्वर्णीम मौका हो । अवसर हो । यसलाई कुनै पनि हालतमा गुमाउनु हुँदैन । उनीहरूले महाकाली पनि भारतको चरणकमलमा सश्रद्धा र सभक्ति रातारात


दिल साहनी

> हिजो कटुवाल काण्डको बेलामा कुनै विदेशी प्रभुका अगाडि झुक्दिनँ भनेका प्रचण्ड यतिबेला उनै प्रभुहरूका अगाडि नतमस्तक हुन पुगेका छन् । यतिबेला प्रचण्ड बोलीको कुनै सदर नभएका नेताको रुपमा देखा पर्न थालेका छन् । कुनै कुरामा पनि कुनै अडान नभएका नेताको रुपमा देखा परेका छन् । यो कुरा उनकै लागि आत्मघाती कुरा हुन सक्दछ ।

सुम्पिदिए । जनताको तीब्र बिरोधको कुनै वास्ता गरेनन् । भारतले उनीहरूको पिठ्युँमा धाप लाउँदै भन्यो- ‘धन्य वीर बलभद्र र भक्तिथापाका सन्तान हो, तिमीहरूलाई पशुपतिनाथले कल्याण गरुन् ।’ जब हाम्रा नेताहरूसित भारतले बचेखुचेको अपर कर्णाली माग्यो, हाम्रा बुद्धिमान नेताले घुमाउरो बाटोबाट खुसुक्क त्यसलाई पनि भारतकै चरण कमलमा टक्राइदिए, सुम्पिदिए । भारत खुशीले गद्‍गद् भयो र भन्यो, ‘स्याबास् लेन्डुपे । तेरो अबतार नेपाल देशमा पनि भएछ ।’ अहिले हाम्रा प्रिय प्रधानमन्त्री पुष्पकमल दाहालले विगतमा भारतसित नेपालले गरेका सबै असमान अन्यायपूर्ण र राष्ट्रघाती सन्धि समझौतालाई खारेज वा समानहितको आधारमा पुनर्लेखन गरी नयाँ सन्धि समझौता गर्नुपर्नेमा उल्टै जोरदार रुपले कार्यान्वयन गर्ने भन्ने कागज लेखी लेखाई त्यसमा दुवै अंगुठाको लेप्चे लगाइदिएछन्, सही धस्काइदिएछन् । यो कुरा त संयुक्त बक्तव्यमा नै प्रकाशित भैसकेको छ । खुला भैसकेको छ । अरु पनि उनले भारतलाई खुशी पार्न के के गोप्य सन्धिसम्झौता गरे त्यो त आउने दिनले नै प्रष्ट पार्दै जानेछ । जे होस्, भारतको औपचारिक भ्रमणमा निस्केका हाम्रा प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले भारतले जे जे चाहन्छ, त्यो दिएर स्याबासी बटुल्ने कसरत गरेछन् । भारतलाई खुशी पार्ने अभ्यास गरेछन् । नेपाली जनतालाई जुन कुराको डर थियो, उनीहरूले त्यही कुरा पूरा गर्न पट्टि लागेछन् । भनौं उनले विगतको राष्ट्रघातलाई नवीकरण गरिदिएछन् ।

हिजो भारतको हस्तक्षेप तथा अतिक्रमण बिरुद्ध सुरुङ युद्धको घोषणा गर्ने कमरेड प्रचण्ड आज भारतका शासकका अगाडि १८० डिग्री झुकेको देखिन्छ । हिजो कटुवाल काण्डको बेलामा कुनै विदेशी प्रभुका अगाडि झुक्दिनँ भनेका प्रचण्ड यतिबेला उनै प्रभुहरूका अगाडि नतमस्तक हुन पुगेका छन् । यतिबेला प्रचण्ड बोलीको कुनै सदर नभएका नेताको रुपमा देखा पर्न थालेका छन् । कुनै कुरामा पनि कुनै अडान नभएका नेताको रुपमा देखा परेका छन् । यो कुरा उनकै लागि आत्मघाती कुरा हुन सक्दछ । यस कारण कि उनलाई एक पटक होइन, सयौं पटक जनताको दरबारमा खडा हुनु पर्दछ । जनताको अदालतमा खडा हुनु पर्दछ । उनी जनताप्रति जवाफदेही हुनु पर्दछ ।

जे होस्, भारत भ्रमणमा निस्केका प्रचण्डले भारतका शासकवर्गले जे जे माग गरे, त्यसलाई पूरा गर्ने बचनबद्धता प्रकट गरेका हुनाले नै उनी त्यहाँ त्यति धेरै प्रशसांका पात्र बनेका छन् । यो कुनै एउटा लाटाले समेत सहजै बुझ्न सक्ने कुरा हो । यसले उनले भारतमा गएर नेपालको हितमा होइन कि भारतको हितमा काम गरे भन्ने कुराको प्रमाण दिन्छ ।

बास्तवमा भारत नेपालको साँचो मित्र भएको भए ... बाँकी ७ पेजमा

◆ झर्रोटर्रो कैलुब्राह

# यमराजको राजधानी टूर

युगौँदेखि यमलोकमा बस्दा बस्दा हैरान परेको यमराज एकदिन भेष बदलेर राजधानीको खाल्डो हेर्न भन्दै काठमाण्डु झरेछ । जताततै फोहरै फोहरको डुङ्गुर देखेर नाकमुख छोप्दै सहरबजार घुमेछ । कङ्क्रिट, छड र सिमेन्टले बनेका गगनचुम्बी महलहरूको जङ्गल, खाल्डैखाल्डा भएको बाटो, ढलको फोहरले डुबानमा परेको राजधानीको मुख्य सहर देखेर अचम्म परेछ । मान्छे हिँड्न बनाइएका सडक पेटीमा पनि पैदल यात्रीहरूलाई धक्काउँदै मोटरसाइकल कुदाएको, आकाशे पुलहरूमा पनि झोले पसलवालाहरूले कब्जा जमाएको, अनेक थरीका भिखारीहरू सडकमा बाटो छेक्दै माग्न बसेको देखेर ऊ अचम्म परेछ । माग्नेहरू पनि कोही दुवै मृगौला फेल भएर उपचार गर्ने पैसा मागिरहेका, कोही कुस्टरोगले हातखुट्टा गलाएका रोगीहरू, कोही छोराछोरीले हेला गरेर निकालिएका बृद्धबृद्धाहरू, कोही दिनभर जोगीको भेषमा माग्ने अनि रात परेपछि भट्टी र डान्सबारमा छिरेर मस्ती गर्नेहरू जस्ता नानाथरीका नन्दीभृङ्गीहरू देखेछ । कतै पनि राम्रो र सन्तोष गर्ने ठाउँ नदेखेर दिक्क मान्दै आफ्नै यमलोगतिर फर्कनु पर्‍यो भनेर हिँड्दै रहेछ । अचानक मसँग उसको जम्काभेट भयो ।

के गर्दैछस् हौ कैलु यो कुनामा बसेर भन्दै मलाई सोध्यो । ऊ मेरो निकै पुरानो लगौँटिया मित्र हो । त्यसैले उसले मलाई कैलु भन्छ । हाम्रा बिचमा औपचारिकताको कुनै सम्वन्ध हुँदैन । म पनि भूमिगत भएकाले मैले सहरको एक छेउको साइबरमा बसेर समाचार लेख्दै थिएँ, झर्रोटर्रोका लागि । उसले राजधानी कस्तो देख्यो, केके अनुभूति गर्‍यो त भनेर अन्तरवार्ता लिनु पर्‍यो भनेको त उल्टै मसँग पो अन्तरबार्ता लियो ।

पहिला त मैले राजधानी कस्तो देखिस् त भनेर सोधेँ । उसले भन्यो ‘तेरो राजधानी खत्तम । जताततै फोहरैफोहर, बेनियमसँग बनाइएका घरहरू, बाटो सबै जीर्ण, मृत्यु कुरेको वृद्ध रोगी जस्तो । ट्राफिक नियम कसैले नमान्ने । ढलको बाढिले पुरिएको सहर । मान्छेको अनैतिक व्यवहार । मान्छे पनि विशिष्ट र साधारण रे । गिद्धले सिनो लुछे जस्तै मन्त्रीपद लुछ्ने नेता । दलभित्र कुकुर र विराला मात्रै । सँधै ङ्यार्रङ्यार्र मात्रै गर्ने । गुटैगुटले कालकूट भएका दलहरू । घरमा आगो लगाएर ताप्ने नेता । आफ्नो घर अँध्यारो बनाउने अनि दाउरा, झर्को, मट्टीतेल र लालटिन छिमेकीलाई सित्तैमा दिएर जुवा खेल्ने पातकीहरू । देशै जुवामा थाप्ने पाण्डव जस्ता जुवाडे पर्धानमन्तरीहरू । थुइक्क तेरो राजधानी र तेरो सर्खार, ...... ।’ अझ केके भन्दै थियो भो भो धेरै भनिस् यमराज भन्दै मैले बिचैमा उसलाई रोकेँ । एकै सासमा महाभारतको कथा जति अनुभव सुनायो । त्यसपछि उसले पो एकएक गर्दै मलाई प्रश्नैप्रश्नको बौछार लगायो । उसले मलाई सोध्यो - ‘तेरो सर्खारले राष्ट्रका पूर्व पतिहरू, विशिष्ट मान्छेहरूलाई जनताको ढुकुटीबाट यत्रो सरसुविधा किन दिएको ? जनताले सिटामोल र जीवनजल पनि नपाएर अकालमा मरेका छन् । सुत्केरी महिलाहरू उपचार र खान नपाएर मरेका छन् । काम गरेर बाँच्ने मजदूर कोही किड्नी फेल भएर, कोही प्यारालाइसिस भएर टिचिङमा छट्पटिएका छन्, तिनलाई केही नगर्ने तर पूर्वपतिलाई करोडौँ गर्च गरेर विदेशमा पठाएको किन ?’

अब मैले उसको चित्त बुझ्ने जवाफ दिनु पर्ने भयो । मैले भनेँ- तैँले पुराण, कुरान, बाइबिलहरूमा स्वर्ग र नर्क भन्ने सुनेको छैनस् । हो त्यही स्वर्गको भोग गर्न विशिष्ट मान्छेहरू जन्मेका हुन्, नर्कको भोग गर्न सर्वसाधारण मान्छे जन्मेका हुन् । स्वर्ग र नर्क भनेको यही हो । विलासी जीवन स्वर्ग हो, दुःखको जीवन नर्क हो भनेर जवाफ दिएँ । उसले फेरि ‘स्वर्ग र नर्क त मरेपछि भोग्ने कुरा हैन र ? अनि विशिष्ट मान्छे जतिले स्वर्ग भोग गर्ने सर्वसाधारण जतिले नर्क नै भोग्नु पर्ने किन ? मान्छे पनि विशिष्ट र साधारण कसरी भयो ?’ भनेर मलाई सोध्यो । अनि मैले राम्रो काम गर्ने विशिष्ट हुन्छन्, गल्ती र अपराध गर्ने साधारण हुन्छन् । विशिष्टले पुरस्कार पाएर स्वर्ग भोग गरे, साधारणले सजाय पाएर नर्क भोग गरिरा’छन् भनेर जवाफ दिएँ ।

तेरा विशिष्टहरूले कसरी राम्रो काम गरे भनेर सोध्यो । मैले उसलाई बुझाउने कोशिष गर्दै भनेँ ‘विशिष्ट मान्छे हुन आआफ्नो दलको उच्च नेता हुनु पर्छ । उच्च नेताहरूलाई मात्र सर्खारको विशिष्ट पदमा बस्ने अधिकार संविधानमा लेखेको छ । उच्च नेता हुन छलछाम, धोकाधडी गर्न सक्नु पर्छ । सिद्धान्त एउटा र व्यवहार अर्को गर्न सक्ने खुवी हुनु पर्छ । जनतालाई ढाँट्न र बेबकुफ बनाउन सक्नु पर्छ । सरकारी ढुकुटी लुट्ने चातुर्य हुन पर्छ । चोर, डाँका, डन, दलाल, काला व्यापारी, तस्कर, भ्रष्टहरूको संरक्षण गर्न सक्नु पर्छ । कालोलाई सेतो र सेतोलाई कालो भन्न सक्ने, दिउँसै रात पार्न सक्ने विशिष्ट क्षमता भएका कारण उनीहरूलाई विशिष्ट पदमा लगिन्छ । लोकतन्त्र र पैसावादी गणतन्त्रको अनिवार्य सिद्धान्त हो यो । साधारणसँग त्यो क्षमता हुँदैन ।’ साधारण मान्छेले के गल्ती गरे त भनेर जान्न खोज्यो उसले । त्यसको जवाफ पनि मैले नै दिनु पर्‍यो ।

मेले भनेँ ‘सुन यमराज पहिलो त, साधारण मान्छेले विशिष्टहरूले गर्ने काम गर्न सक्तैनन् । दोस्रो, आफैँलाई ठग्ने, ढाँट्ने नेता चिन्दैनन् । पटक पटक तिनैलाई चुनाउमा जिताउँछ् । तेस्रो, सर्खारले आफ्नो बस्तीमा डोजर लाउँदा, भोकभोकै मार्दा पनि विरोध गर्दैनन् । चौथो, चोर, डाँका, तस्कर, डनहरूसँग सङ्गत गर्न जान्दैनन् । साधारणले गर्ने गल्ती यिनै हुन् । त्यसैले उनीहरूलाई विशिष्टले जस्तो उपचार खर्च सर्खारबाट नदिने भनेर संविधानमा लेख्या छ ।’ यति भनेपछि उसले बुझेर हो वा अचम्म मानेर हो मुन्टो हल्लायो । उसले भन्यो ‘हेर कैलु तेरो मुलुकबाट मेरो लोकमा गएका पर्धानमन्तरी, मन्तरी, नेताहरूले त मेरै लोकमा पनि नदीनाला, उद्योगदन्दा, कलकारखाना बेच्न थाल्या’थे मैले त सबैलाई हत्कडी र नेल लगाएर आजिवन जेलमा ठिँगुर्‍याइदिएको छु ।’ यति भनेर यमराज मसँग छुट्टिएर आफ्नो बाटो लाग्यो । मैले पनि उसँग भएको वार्तालाप टाइप गरिवरी मेलबाट झर्रोटर्रोमा पठाइदिएँ ।

३० भदौ २०७३

kailubraha73@gmail.com

# कोरियाली प्रायद्वीप : परमाणु शक्ति र चेतावनी



केशरमणि कटुवाल

उत्तर कोरिया यतिबेला पुनः चर्चामा छ। तथ्यलाई आधार मान्ने हो भने अहिले पनि उत्तर कोरिया र दक्षिण कोरियाबीच युद्धको अवस्था नै छ। किनकी यी दुई देशबीच हालसम्म युद्धविराम नै भएको छैन। कोरियाली प्रायद्वीपमा सन् १८९४ देखि नै जापानी साम्राज्यको दबदबा सुरु भएको थियो। सन् १९०४-१९०५ को रुस जापानयुद्ध पश्चात कोरियाली प्रायद्वीप जापानकै संरक्षित क्षेत्रजस्तो बन्यो। सन् १९३९ देखि १९४५ सम्म चलेको दोस्रो विश्वयुद्धपछि कोरिया उत्तर कोरिया र दक्षिण कोरियाको रुपमा विभाजित बन्न पुग्यो। उत्तर कोरिया रुस र चीनको चाहानाअनुसारको कम्युनिष्ट देश बन्यो भने दक्षिण कोरिया अमेरिका र उसका मित्रराष्ट्रको चाहानाअनुसार एक पुँजीवादी देश बन्यो। उत्तर कोरियाले संयुक्त राष्ट्रसंघका पर्यवेक्षणमा सन् १९४८ मा भएको निर्वाचनमा भाग लिन अस्वीकार गऱ्यो। जसको परिणामस्वरुप कोरियामा दुई वटा सरकार गठन भए र उत्तर दक्षिण कोरियाले कोरियाली प्रायद्वीपको सिंगो क्षेत्रमा आफ्नो सम्प्रभुताको दावी गरे। परिणामस्वरुप सन् १९५० देखि १९५३ सम्म कोरियाली प्रायद्वीपमा युद्ध भयो। सन् १९५३ मा कोरियाली प्रायद्वीपमा युद्ध त अन्त्य भयो तर दुवै देशले स्थायी शान्ति सम्झौतामा हस्ताक्षर गरेनन्। दुवै देशले सन् १९९१ मा राष्ट्रसंघबाट मान्यता पाए। २६ मे २००९ मा उत्तर कोरियाले एकतर्फी रुपमा युद्धविराम फिर्ता लिएको घोषणा गऱ्यो।

१९५३ मा दुवै कोरियाको सीमामा रहेको एक स्थान पानमुन्जोममा युद्धविराम सम्झौता भयो र लडाई रोकियो। तर, आजसम्म पनि कोरियाली प्रायद्वीपमा औपचारिक रुपमा यसद्धको अन्त्य भएको छैन। युद्धविरामको समयसम्म ४० हजार राष्ट्रसंघीय सैनिक मारिसकेका थिए। त्यसमा ९० प्रतिशत अमेरिकी सैनिक थिए। उत्तर कोरिया र उसका सहयोगी देशतर्फपनि ठूलो क्षति भएको थियो। मारिने गैरसैनिक नागरिकको संख्यामात्रै २० लाख थियो। आज पनि अमेरिकी सैनिक दक्षिण कोरियामा रहेका छन्। उत्तर कोरियाले कुनै समयमा आकस्मिक रुपमा उत्तर कोरियाले आक्रमण गर्न नसकोस भन्ने नै अमेरिकी अभिप्राय हो। उता, उत्तर कोरियाले पनि आंशिक भोकमरी, ठूलो आर्थिक कठिनाईका बाबजुद पनि १२ लाखभन्दा बढी सैनिक पालिरहेको छ। यसको अर्थ अमेरिका र उसकापिछलग्गु देशले कुनैपनि समयमा जुनसुकै आरोप लगाएर आक्रमण गरेमा प्रतिरोध गर्नु नै हो। उत्तर कोरिया र दक्षिण कोरियाबीचमा २४० किलोमिटर लामो र चार किलोमिटर चौडाई भएको एक विसैनिक क्षेत्रको सीमाना रहेको छ। तर, उत्तर कोरियाले अहिले पनि त्यसलाई मानेको छैन र समय समयमा दुई देशका सेनाबीच भिडन्त हुने गर्दछ। दुवै देशको सीमाना सामान्य नागरिकका लागि सधैं बन्द हुन्छ। कुनै पत्रडाक सेवा र टेलिफोन सेवा समेत छैन। दुवै देशका लाखौं परिवार भण्डै साढे ६ दशकदेखि छुट्टिएका छन्। कुनै समयमा अमेरिकी साम्राज्यवादको दबदबाकाबीच विभाजित पूर्वी जमनी र पश्चिम जर्मनीबीच एकीकरण भयो तर दुई कोरियाबीचको एकीकरण प्रायः असम्भव देखिन्छ। क्षेत्रफलका हिसाबले उत्तर कोरिया दक्षिण कोरियाभन्दा ठूलो रहेको छ। आर्थिक सम्पन्नताको हिसाबले उत्तरले धेरै प्रगति गर्न सकेको छैन। तर उत्तर कोरियाले संसारमा आफ्नो बेग्लै अस्तित्व स्थापित गर्न सफल भएको छ।

त्यस बेलामा अन्तराष्ट्रिय स्तरमा परमाणु परीक्षण त भयो तर कुन खालको थियो भन्नेबारे पश्चिमा शक्तिहरूले पनि पत्ता पाएनन्। पश्चिमा शक्तिले उत्तर कोरियाको परमाणु परीक्षणलाई नियन्त्रण गर्न खोजेपनि सफल हुन सकेनन्। त्यसबेला उत्तरु कोरियाका नेता किम जोंग इलले आफ्नो परमाणु क्षमतालाई सही प्रमाणित गर्ने कोशिस गरेका थिए।

उत्तर कोरियाले १२ फरवरी सन् २०१३ मा आफ्नो तेस्रो परमाणु परीक्षण गऱ्यो, जसका कारण असामान्य हलचल नै पैदा भएको थियो। उत्तर कोरियाले त्यसलाई हल्का परमाणु उपकरणको परीक्षणमात्रै भएको बतायो। उत्तर कोरियाले युरेनियमको प्रयोग गरेको थुप्रै अड्कलबाजीहरू रवैया अपनाउनुपर्ने आवाज उठेको छ। यो परीक्षण पछि उत्तर कोरियाले आफूलाई 'वैध' परमाणु सम्पन्न मुलुकको सूचीमा राख्नुपर्ने बताउँदै आएको छ। तर, अमेरिका र राष्ट्रसंघ सुरक्षा परिषद उत्तर कोरियामाथि थप प्रतिबन्ध लगाउने पक्षमा छन्।

**सैन्य शक्ति कति छ उत्तर कोरियाको ?**

दोस्रो विश्वयुद्धको अन्त्यका समयमा कोरियाको उत्तरी क्षेत्रमा रुसी सेना र दक्षिणी क्षेत्रमा अमेरिकी सेना थिए। दोस्रो विश्वयुद्धपछि जापानी साम्राज्यबाट मुक्ति पाएको कोरियामा अमेरिकी साम्राज्यलाई स्वीकार गर्ने कि नगर्ने भन्ने विषय मुख्य थियो। दक्षिण क्षेत्रले पश्चिमाको निगाहामा भएको निर्वाचनमार्फत सरकार बनायो उत्तर कोरियाले त्यसलाई अस्वीकार गऱ्यो। त्यसपछि कोरियाली प्रायद्वीपमा सुरु भएको युद्धले नै उत्तर कोरियालाई आफ्नो आणविक शक्तिको विकास र सैन्य क्षमता अभिवृद्धिको बाध्यता आइपऱ्यो। हामीले इमान्दारितापूर्वक भन्ने हो भने उत्तर कोरियाले आफ्नो आणविक परीक्षणलाई निरन्तरता दिनुमा पश्चिमा शक्तिको अविश्वासी व्यवहार पनि हो। पश्चिमा शक्तिले आक्रमण गरेको अवस्थामा कि त आत्मसमर्पण गर्ने कि त त्यसको प्रतिरोध गर्ने नै हुन्छ। सोही अनुसार उत्तर कोरियाले आफूलाई दोस्रो विकल्पका लागि तयार बनाउँदै लगेको छ। आर्थिक क्षेत्रमा दक्षिण कोरिया शक्तिशाली भएपनि सैन्य क्षेत्रमा उत्तर कोरिया धेरै शक्तिशाली छ। उत्तर कोरियाले आफ्नो जीडीपीको करिब एक चौथाई सैन्य क्षेत्रमा खर्च गर्छ। अर्थात, उत्तरले सम्पूर्ण बजेटमा हरेक १० रुपैयाँमा २.५ देखि ३ रुपैयाँसम्म रक्षा क्षेत्रमा खर्च गरिरहेको छ। उत्तर कोरियाले जुनसुकै समयमा पनि युद्धको धम्की दिइरहेको हुन्छ। उससँग करिब ३ हजार ५ सय ट्यांक, करिब १२ लाख सेना र ४७ लाख रिजर्भ फोर्स रहेको छ। यो संसारकै पाँचौ ठूलो सक्रिय सुरक्षा फौज पनि हो। केही वर्षअघिको तथ्यांकअनुसार उत्तर कोरियासँग ११ हजार एयर डिफेन्स गन, १० हजार घातक मार हान्न सक्ने एयर मिसाइल र ४३ मिसाइल क्राफ्ट तथा १ सय टोरपेडो क्राफ्टसहित आधुनिक हतियार रहेको बताइन्थ्यो। पछिल्लो समयमा आणविक क्षेत्रमा हात हालेको उत्तर कोरियासँग कति घातक हतियार छन् भन्ने यकिन छैन। तर, उसले आफ्नो सैन्य क्षमतामा अत्याधिक रुपमा वृद्धि गरिरहेको छ।

रुपमा बुझ्केको छ। उत्तरले २६ अगस्टमा पनडुब्बी, सेप्टेम्बर ५ मा तीन वटा ब्यालेस्टिक क्षेप्यास्त्र र ९ मा पाँचौ परमाणु परीक्षण गरेको हो। उत्तर कोरियासँग अझै यसप्रकारका अत्याधुनिक हतियार निर्माणका लागि ठूलो मात्रामा युरेनियम समेत सञ्चित रहेको सैन्यविज्ञको दाबी छ।

उत्तर कोरियाले सुरक्षा, गुप्तचरी र आतंकवादको बहानामा पार्क गेउन हेईले दक्षिण कोरियामा अत्याचारी शासन स्थापित गरेको भन्दै त्यसलाई 'एक सत्य नरक' भएको बताएको छ। उत्तरले पार्क गेउन हेईलाई आफ्नो प्रतिद्वन्द्वीलाई ठीक ढंगले बुझ्न र जंगली तरिकाले नकुद्न चेतावनी दिएको छ। उत्तर कोरियाली समाचार संस्था केसीएनएको एक टिप्पणीमा भनिएको छ, 'उत्तर कोरियाको सफल परमाणु बम परीक्षणका कारण जबरजस्त पैदा भएको राजनीतिक भूकम्पबाट भयवित पार्क गेउन हेईको शासन बौलाहा कुकुरको जस्तो लापरवाहीपूर्ण भएको छ। उत्तर कोरिया राजनीतिक र वैचारिक रुपमा मजबुत शक्ति हो। जो संसारकै परमाणुसहितको शक्तिशाली सैन्य शक्ति र एकजुट नागरिकहरूको सोच र उद्देश्य, नैतिकता र दायित्वको भावनामा आफ्ना नेताको पछि एकजुट भएको शक्ति हो।'

उत्तर कोरियाले दक्षिण कोरियाली राष्ट्रपतिले एउटा राम्रो व्यापार सुरु गर्न पनि भनेको छ। यसले उत्तर कोरिया दक्षिणप्रति कति आक्रामक र उसका नीति कतातिर लक्षित छन् भन्ने संकेत गर्दछ। उत्तर कोरियाले अमेरिका र पश्चिमा देशको समेत आफ्ना नीतिले निन्द्रा नष्ट गरिदिएको छ।

अन्त्यमा, उत्तर कोरियाका माथि उल्लेखित विषयवस्तुहरू केही उदाहरणीय संकेत मात्रै हुन्। उत्तर कोरिया आफैमा एउटा रहस्यको देश हो। यहाँका कतिपय आधिकारिक विषयवस्तुहरू बाहिर आउन लामो समय लाग्ने गर्दछ। त्यसकारण उसका आन्तरिक योजनाहरूलाई सहजै यो वा त्यो भनेर व्याख्या र परिभाषित गर्न कठिन छ। तर, कोरिया विभाजनको कारुणिक र फिल्मी कहानीदेखि कोरियाली प्रायद्वीपमा भएको शक्ति राष्ट्रको हस्तक्षेप र युद्धका क्रममा लाखौं कोरियाली मारिएपछि आफूलाई शक्ति सम्पन्न बनाउनुपर्ने उत्तर कोरियाली शासकवर्गमा चेतना घुसेको पाइन्छ। उत्तर कोरिया आणविक क्षेत्रमा प्रवेश गर्नुअघिको लामो समयमा चलेको शीतयुद्धको अवस्था र स्थायित्वका लागि गरेको संघर्ष कठीन छ।



कोरिया युद्ध पाँच वर्षअघि बनेको संयुक्त राष्ट्रसंघबाट विधिवत अनुमति पाएको पहिलो युद्ध थियो। यसमा करिब ३५ लाखको मृत्यु भएको अनुमान छ। तत्कालीन सोभियत संघ र चीनको समर्थनमा उत्तर कोरियाली सेनाले सन् १९५० मा दक्षिण कोरियामाथि धावा बोल्दा त्यसबेला सुरक्षा परिषदको स्थायी सदस्यको सिट (जुन स्थानमा आज चीन छ) मा उसको प्रमुख विरोधी राष्ट्र ताइवान थियो। (ताइवानलाई हटाएर २५ अक्टोबर १९७१ मा चीनलाई सो स्थान प्रदान गरिएको हो।) चीन र रुसबीच त्यसबेला राम्रो मिलाप थियो र चीनसँग एकजुटता देखाउनका लागि पनि रुसले सुरक्षा परिषदको बैठक बहिस्कार गरिरहेको थियो। सोही कारण उसले अमेरिकी प्रस्तावलाई फेल बनाउनका लागि भिटो प्रयोग गर्न सकेन। तत्कालीन अमेरिकी राष्ट्रपति ह्यारी ट्रम्यानले यसको भरपुर लाभ उठाए र कोरियाली युद्धका क्रममा कोरियाली प्रायद्वीपमा राष्ट्रसंघको झण्डा हल्लाएर आफ्ना सैनिक पठाउने अधिकार पायो। राष्ट्रसंघको सेनामा सबैभन्दा बढी अमेरिकी सैनिक नै थिए। अमेरिकी सेनाका कमान्डर जनरल डगलस म्याकआर्थरले उत्तर कोरिया र उसलाई साथ दिइरहको सेनालाई पछि फर्काउन सफल भए। तर, जसरी संयुक्त राष्ट्रसंघको सेना चीनको सीमा क्षेत्रमा पुग्यो, तब चीनलाई युद्धमा होमिनु बाध्यता बन्यो। स्वयमसेवी बताउँदै चीनका लाखौं सैनिकका पछि राष्ट्रसंघ नाम गरेको अमेरिकी सैनिक पुच्छर लुकाएर भाग्न बाध्य भयो। त्यसबेला म्याकआर्थरले चीनमाथि परमाणु बम खसाल्ने अनुमति मागेका थिए। तर राष्ट्रपति ट्रम्यानले त्यो हिम्मत गर्न सकेनन्। यदी त्यसो गरेको भए सो युद्धले अर्कै मोड लिनपनि सक्दथ्यो। ट्रम्यानपछि आइजनहावर राष्ट्रपति बने र उनले युद्धविरामको घोषणा गरे। २७ जुलाई

**उत्तरको आणविक यात्रा**

उत्तर कोरियाले ९ सेप्टेम्बर २०१६ मा आफ्नो पाँचौ र अहिलेसम्मकै सबैभन्दा शक्तिशाली परमाणु परीक्षण गरेपछि पश्चिमा राष्ट्रहरू उत्तर कोरियाप्रति रुष्ट बनेका छन्। उत्तर कोरियाले गरेको परमाणु परीक्षण भूहलचलपछि मात्रै पत्ता लागेको थियो। यसवर्षमा मात्रै उत्तर कोरियाले दुई वटा परमाणु र २० वटा भन्दा बढी क्षेप्यास्त्र र स्याटेलाईट समेत परीक्षण गरिसकेको छ। यसको परमाणु परीक्षणको यात्रा सन् २००६ बा सुरु भएको हो। कोरियाली प्रायद्वीपमा युद्धको अन्त्य भएपनि वर्षौंदेखि जारी वादविवाद र छलफल तथा अन्तर्राष्ट्रिय स्तरमा देखिएको शक्ति संघर्षकै क्रममा उत्तर कोरियाले ९ अक्टुबर २००६ मा राष्ट्रिय दिवस पारेर उत्तर कोरियाले पहिलो परमाणु परीक्षण गरेको थियो। उत्तर कोरियाले देशको पूर्वोत्तर पहाडी इलाका पुङ्गेरीमा सो परीक्षण गरेको थियो।

धेरै कम शक्तिशाली सो परमाणु परीक्षणलाई उत्तर कोरियाले कोरियाली प्रायद्वीपमा शान्ति र स्थिरतालाई कायम राख्न गरिएको बताएको थियो।

उत्तर कोरियाको दोस्रो परमाणु परीक्षण पहिलोभन्दा ठूलो थियो। करिब २.८ किलोटनको उर्जा निकालेको यो परीक्षणबाट उसको विस्फोटक शक्ति र प्रविधिमा अझ ठूलो मात्रामा वृद्धि भयो।



सार्वजनिक भए। तर त्यसको पुष्टि अहिलेसम्म पनि हुन सकेको छैन।

उत्तर कोरियाले गत ६ जनवरी २०१६ मा आफ्नो चौथो परमाणु परीक्षण गऱ्यो। पुंगेरीको आसपासमा ठूलो भूकम्प नै पैदा गरेको यो परीक्षणलाई उत्तर कोरियाले हाइड्रोजन बम परीक्षण सफल भएको घोषणा गऱ्यो। हाइड्रोजन बम परमाणु बमभन्दा पनि शक्तिशाली हुन्छ। सो बमको परीक्षणपछि उत्तर कोरियामाथि राष्ट्रसंघ सुरक्षा परिषद र अमेरिकाले प्रतिबन्ध नै लगाएका छन्। जसले उसको व्यापारिक क्षेत्रमा समेत नराम्रो असर गरेको छ। तर त्यसलाई बेवास्ता गर्दै उत्तर कोरियाले ९ सेप्टेम्बर २०१६ मा पाँचौ परमाणु परीक्षण गरेको छ। उत्तर कोरियाको यो परमाणु परीक्षणबाट ५.३ रेक्टरस्केलको भूकम्प नै गयो। यो उत्तर कोरियाले गरेको सबैभन्दा शक्तिशाली परीक्षण पनि हो। यो परीक्षणपछि उत्तर कोरियाको परमाणु कार्यक्रमलाई लिएर अन्तर्राष्ट्रिय स्तरमा पुनः उत्तर कोरियामाथि प्रतिबन्ध लगाउने र कडा

यसवर्ष मात्रै उत्तर कोरियाले २० वटा भन्दा बढी क्षेप्यास्त्र र २ वटा परमाणु परीक्षण सफलतापूर्वक गरिसकेको छ।

**उत्तरले किन दिइरहेको चेतावनी ?**

उत्तर कोरियाले आफ्नो परमाणु कार्यक्रमलाई लिएर अन्तर्राष्ट्रिय समुदायले गरेको सबै प्रकारको विरोधलाई बेवास्ता गर्दै आफ्ना कदम अघि बढाइरहेको छ। उसले आफ्नो परमाणु कार्यक्रम प्रतिरक्षाका लागि भएको र सम्प्रभुतामा खतरा उत्पन्न नभएसम्म ती हतियार प्रयोग नगर्ने पनि बताउँदै आएको छ। तर, उत्तरले आफूमाथि कुनै खतरा उत्पन्न भएमा त्यसलाई प्रतिरोध गर्ने शक्ति आफूसँग रहेको बताउँदै आएको छ। उत्तरले पाँचौ परमाणु परीक्षणपछि उत्तर कोरियाको सुरक्षा व्यवस्था थप मजबुत भएको बताएको छ। उसले कोरियाली प्रायद्वीपबारेका खराब समाचारहरू आइरहेको र यो सैनिक-राजनीतिक क्षेत्रमा पाँचौ परमाणु परीक्षण उत्तर कोरियामाथि चरणबद्ध रुपमा भइरहेका योजनालाई असफल पार्ने अस्त्रको

सन् १९७० देखि १९७६ सम्म उत्तर कोरियाको जीडीपी दक्षिणको भन्दा केही गुणा बढी थियो। त्यसपछि ओरालो लागेको कोरियाको अर्थव्यवस्था दरिलो बन्न सकेन। अर्थतन्त्रको ठूलो हिस्सा सुरक्षा क्षेत्रमा खर्च हुँदा झनै विकराल समस्या उत्पन्न हुन पुग्यो। सन् १९९५ देखि १९९९ सम्म लागेको भोकमरीका कारण मात्रै करिब १० लाख मानिसको मृत्यु भएको अनुमान छ। यो समस्याका बाबजुद आज उत्तर कोरिया एउटा चट्टानको रुपमा उभिएको छ। यो चट्टानलाई फुटाएर टुक्रा टुक्रा पार्ने या पगाल्ने मुख्य विषय यहीनेर छ। पश्चिमा शक्तिको एकोहोर रटानका कारण इराक र अफगानिस्तानमा ध्वंसको खरानी उडाइयो। तर, निर्माण अभियान देख्न पाइएन। त्यो दुर्दशाको पुनरावृत्ति नहोस। दोहोरो धम्कीको अस्त्रका रुपमा प्रयोग भएको आणविक शक्ति विनाशको बाटोतर्फ नभई विकासको बाटोमा फर्कियुन। शक्ति समस्या नभई समाधान पनि बन्न सक्नुपर्दछ।

# जनसाहित्य एक चर्चा

"परिवर्तन विरोधीहरू साहित्यलाई मनोरञ्जनको साधना मात्र ठान्छन् । परम्परागत जनविरोधी प्रथा, परम्परा मै स्तुति गर्दै अदृश्य शक्ति ईश्वर नै हर्ताकर्ता भएको भ्रमहरू छर्दै लेखिने साहित्य पनि जनविरोधी साहित्य हो ।



मनोहर लामिछाने,
अधिवक्ता

**१. पृष्ठभूमि**

जनताको अर्थ एउटा निश्चित भूगोलभित्र बसोबास गर्ने मानिसहरूलाई बुझिन्छ । जहाँ विभिन्न जातपात, वर्ग, समुदाय, समाजलगायतका मानिसहरू एकसाथ रहेका हुन्छन् । यही समाज वा समुदायभित्र विविध कारणले विभिन्न वर्गका मानिसहरू बसोबास गरेका हुन्छन् । जाति, धर्म लिङ्गको विभाजन हुँदाहुँदै समाजमा रहेका शोषण, असमानताका कारणले मूलरूपमा हुने र नहुने वर्गको उदयले यी दुवै वर्गका मानिसहरूको सामाजिक आर्थिक साँस्कृतिकलगायतका विषयवस्तुबीच लामो श्रृङ्खलाको विभेद पाइन्छ । सरल भाषामा भन्दा जीवनजगत्‌लाई हेर्ने दृष्टिकोण भिन्न रहेका यी दुई वर्गमा इतिहासको लामो कालखण्डमा आन्तरिक संघर्ष रहेकै पाइन्छ । संसार बुझ्ने, बुझाउने र परिवर्तनको आकाङ्क्षी बहुसङ्ख्यक जनताको वास्तविक चित्रण गर्दै ठूलो हिस्साका जनताको पक्षमा लेखिने साहित्य नै जनसाहित्य हो । जनसाहित्य सरल, सौम्य र जनताका दैनन्दकीय क्रियाकलापको प्रस्टताका साथ लेखक स्रष्टाहरूले खुराक पस्केका हुन्छन् । जसको कारण बहुसङ्ख्यक जनता आफ्नो साहित्यिक खुराकले सन्तुष्टि हुँदै मुक्तिका लागि आमूल परिवर्तनको प्रारम्भिक खुड्किला सम्पन्न पुग्दछन् ।

**२. जनसाहित्य**

समाजको विकास एकै पटक भएको छैन । समाज वर्तमानसम्म आउँदा निकै आरोह अवरोह पार गर्दै आएको छ । समाज, समुदाय वा बहुसङ्ख्यक जनताको सम्बन्धमा परम्परागत दैवीय वा ईश्वरीय धारणा त्यतिखेर उदाएिए जतिखेर समाजलाई बुझ्ने बुझाउने द्वन्द्वात्मक भौतिकवादी दृष्टिकोण विश्वसामु आयो । त्यसपछि जनसाहित्यका बारेमा प्रशस्त बहस छलफल हुन थाल्यो । मुठ्ठीभर हुने खाने वर्गले इतिहासको लामो कालखण्डमा विभिन्न जुक्ति र भ्रमहरू छर्दै समाजको श्रमजीवि ठूलो हिस्सालाई शोषण गर्न थाल्यो । तिनै शोषण, उत्पीडन सीमान्तकृत बनाइएका बहुसङ्ख्यक जनताहरूको यथार्थता र तिनको मुक्तिका लागि दिशानिर्देश गर्ने साहित्य नै जनसाहित्य हो । जनसाहित्यले आम जनताका समस्याहरू उनीहरूलाई राज्यले, धर्मले, परम्पराले गरे गराइएका भेदभावहरूको चिरफार गर्दै गलत दृष्टिकोण र परम्परालाई च्यात्न प्रोत्साहित गर्ने काम जनसाहित्यले गर्दछ । जनसाहित्यले राज्य समाजबाट उपेक्षित र अपहेलित समाजको ठूलो हिस्सालाई आफ्ना अन्याय, शोषण, दमन, थिचोमिचोको विरुद्धमा संगठित हुन सामूहिक प्रतिरोध गर्न सिकाउँदछ । अतः समाज रूपान्तरणमा जनसाहित्यका स्रष्टाहरू, कलाकारहरूको अहम् भूमिका रहेको पाइन्छ । मुक्तिका लागि त्याग, बलिदान र समर्पणको शिक्षा, उत्साहको प्रारम्भिक खुड्किलो बन्नु जनसाहित्यको कार्य हो ।

**३. कसरी लेखिन्छ जनसाहित्य ?**

जनताको श्रम पसिनाको महत्व, विभेदका कारण जसले बुझ्दछ, त्यसले मात्र जनसाहित्यको सिर्जना गर्न पुग्दछ । खुकुरीको चोट अचानोलाई थाहा हुन्छ भनेजस्तै जनसाहित्य त्यसले लेख्छ जसले तमामखाले शोषण, उत्पीडन, अन्याय, अत्याचारको भुक्तभोगी स्वयम् हुन्छ वा त्यस्ताहरूको सन्निकट बसी एउटा ठूलो हिस्सालाई उन्मुक्ति दिँदै राष्ट्रको प्रत्यक्ष सुविधामा उपेक्षित वर्गको सहभागिताले समुन्नत राष्ट्रको परिकल्पना गर्न सक्तछ । वास्तविक जनताहरू वर्षभरि श्रम गर्दा पनि पेटभरि खान पुग्दैन । त्यस्ता जनताको उचित शिक्षादिक्षा, रोजगारी, स्वास्थ्य जस्ता अनगिन्ती सुविधामाथि वञ्चित छन् । त्यतिले मात्र नपुगेर अप्रत्यक्षरूपमा यी सबै अपेक्षाको कारण सामाजिक कुरीति, प्रथा, परम्परा, धर्म आदिलाई देखाएर राज्य वा समाजबाट उपेक्षित जनतालाई संगठित हुन नदिने भ्रमजाललाई वास्तविकता बोध गराउन, जनतालाई अधिकार सम्पन्न गराउन जनसाहित्य लेखिन्छ । राज्यबाट जनतालाई यथास्थितिमा राख्नका लागि गरिने टुक्रे कार्यक्रम र कथित लोककल्याणकारी कार्यक्रमका भ्रमजालहरू फिँजाए पनि वास्तविकताको बोध गराउन जनसाहित्यको सिर्जना गनुपर्दछ । राष्ट्र र श्रमजीवि जनताप्रति इमानदारीपूर्ण भावले प्रस्टरूपमा हेपिएका, उत्पीडनमा परेका, मजदुर किसान, शोषित पीडित सर्वहारा वर्गको मुक्तिका लागि बाटो देखाउने साहित्य लेखनमा त्यही स्रष्टा उपयुक्त पात्र हो, जसको पीडा उसले भोगेको हुन्छ । त्यही भोगाइ देखाइ नै जनसाहित्यमा प्रस्फुटित हुन्छ ।

**४. जनविरोधी साहित्यहरू**

समाज सधैँ सरलरेखाबाट मात्र हिँड्दैन । एकथरि साहित्यकार जनताको मुक्तिप्रति निराश हुन्छन् । परिवर्तन विरोधीहरू साहित्यलाई मनोरञ्जनको साधना मात्र ठान्छन् । परम्परागत जनविरोधी प्रथा, परम्परा मै स्तुति गर्दै अदृश्य शक्ति ईश्वर नै हर्ताकर्ता भएको भ्रमहरू छर्दै लेखिने साहित्य पनि जनविरोधी साहित्य हो । यौनानुभूतिका साहित्यहरू र केही पनि हुँदैन गर्न सकिँदैन जस्ता निराशापूर्ण अभिव्यक्तियुक्त साहित्य, पलायन मात्र होइन वर्ग समन्वयका लामा-लामा व्याख्यापूर्ण आदर्शले भरिपूर्ण साहित्य पनि जनविरोधी साहित्य हुन् । समाज रुपान्तरणको वैज्ञानिक व्याख्यालाई अपव्याख्या गर्ने पलायनवादी, संसदवादी वा संसोधनवादीहरूको कथित भ्रमजालयुक्त साहित्य पनि जनविरोधी साहित्य बन्न पुग्दछ । वर्तमान समयमा सुधारवादी र यथास्थितिका पक्षपातीहरूले तोडमोड गरी सकेसम्मको हत्कण्डा प्रयोगबाट जनतामा प्रशस्त भ्रमहरू छर्ने कार्यहरू गरिरहेका छन् । त्यस्ता साहित्यकारका साहित्य यथास्थितिका नजिक देखिए पनि यिनीहरूले तय गरेको बाटो शान्तिविरोधी, परिवर्तनविरोधी हुन्छ । यिनीहरूका टुक्रे आश्वासन र भ्रमजालयुक्त अभिव्यक्तिले आमूल परिवर्तनलाई छेकबार गर्ने भएको हुँदा यिनीहरूका सिर्जनाहरू सुधारवादमै सीमित हुन्छन् र यिनीहरू जनविरोधी साहित्यकार हुन् । यसरी साहित्य वृत्तमा जनविरोधी साहित्यकारहरू प्रशस्तै पाइन्छन् ।

**५. जनसहित्यको दायित्व**

जनसाहित्यका स्रष्टाहरूले साहित्य वर्गीय हुन्छ भन्ने हेक्का राख्दै तमाम शोषित, पीडित, दलित, किसान, मजदुरको मुक्तिका लागि वर्गीय चेतनायुक्त साहित्य सिर्जना गर्दै साहित्यमा देखिएका संशोधनवाद र अवसरवादको पर्दाफास गर्न सक्नुपर्दछ । यो वा त्यो कित्ता अर्थात आफ्नो वर्ग पहिचान प्रस्टसँग गर्न सक्नुपर्दछ । क्रान्ति अवश्यम्भावी छ । सर्वहारावर्गको मुक्तिका लागि क्रान्तिको विकल्प छैन । त्यसैले आमूल परिवर्तनको लक्ष्य लिएर क्रान्तिकारी वर्गको उत्थान, विमर्श र प्रतिबद्धतामा साथ दिने साहित्य नै जनसाहित्य हो । जनवादी राज्यसत्ता स्थापनाका लागि जनतालाई गोलबन्द गर्ने प्रयत्नस्वरूप सिर्जित साहित्यलाई नै जनसाहित्य भनिन्छ ।

**६. उपसंहार**

समाज रूपान्तरले सामाजिक सोच, चेतनामा परिवर्तन भएको भए पनि वर्तमानको समय नै जनसाहित्यको आधारभूमि हो । आजसम्मका संघर्षबाट प्राप्त अवसरहरूलाई नयाँ ढँगले स्थापित गर्दै आमूल परिवर्तनका लागि लेखिने साहित्यले संशोधनवाद, नवसंशोधनवाद, पलायनवादबाट सिर्जित भ्रमहरूलाई चिर्दै अबको गन्तव्य के-कस्ता छन् प्रस्ट खाका कोर्नैपर्दछ । यसरी नवीन विचार चिन्तनलाई सिर्जनामार्फत् व्यक्त गर्ने र सचेतना भर्ने कार्यमा जनसाहित्यले अग्रता लिनुपर्दछ । चाकडी, चाप्लुसीको विरोध गर्दैगर्दा पनि त्यहि प्रवृत्तिलाई बढवा दिँदा घुम्दै फिर्दै रूम्जाटार भने जस्तै आफैंभित्रको समीक्षा गर्दै जनसाहित्यको सिर्जना गर्दै रहनुपर्दछ । जति विगतमा जनसाहित्यको खाँचो थियो, वर्तमानमा पनि विद्रोह, ध्वंश र त्यसपछिको निर्माणको मूल्यबोध गराउन जनसाहित्य लेखिनुपर्दछ । जसले वर्गयुद्धको भावधारालाई आत्मसात् अवश्य गर्नेछ त्यस्तो जनसाहित्य हिजो जति आवश्यक थियो, वर्तमानमा त्यसको आवश्यकता झन् बढी देखिन्छ । किनकि, सबैखाले संशोधन र पलायनको विरुद्ध उत्रन आवश्यक छ ।

## कविता

# सत्ता

■ हिरामणि दुःखी



सत्ताको आँखा हुँदैन
शत्रुलाई चलाउने गोली
आफन्तमाथि चलाउँछ ।
सत्ताको कान हुँदैन
यसले मान्छेको आवाज सुन्दैन
मात्र सुन्छ बन्दुकको आवाज ।
सत्ताको हातगोडा हुँदैन
यो आफैँ हिँडडुल गर्न
र, कामकाज गर्न सक्दैन
यसलाई बैशाखीको जरुरत पर्छ ।

सत्ताको मुटु पनि हुँदैन
मान्छे मारिँदा र देश लुटिँदा
यसलाई दुख्दैन/सम्वेदना जाग्दैन
बरू मान्छेको लासमाथि उभिदिन्छ ।
सत्ताको फोक्सो हुँदैन
किन्तु यसले आफैँ स्वास फेर्न सक्दैन
यसलाई भेन्टिलेटर चाहिन्छ ।

सत्ताको मष्तिष्क भनै हुँदैन
तबै त यो विवेकशून्य हुन्छ ।
सत्ता रोबोट हो
यसलाई चलाउन मान्छे चाहिन्छ,
बुझ्नुभो ?
हाम्रो देशको सत्ता चलाउने मान्छे
लैनचौर र महाराजगन्जको भव्य दरबारमा
दक्षिण र पश्चिमको दूत भएर बस्छ ।
भन ए मान्छे
के यो सत्ता तिम्रो हुन सक्ला ?

# साहित्यको दोस्रो श्रृङ्खला

**काठमाडौं ।** इच्छुक सांस्कृतिक प्रतिष्ठानको आयोजनामा भदौ ३१ गते शुक्रबार साहित्यिक अन्तरक्रिया सम्पन्न भयो । हरेक महिनाको अन्तिम शुक्रबार गरिने कार्यक्रमको यो दोस्रो श्रृङ्खला हो । गत साउन अन्तिम शुक्रबारदेखि सुरु भएको साहित्यिक कार्यक्रममा साहित्यका विविध विधाहरूमा अन्तरक्रियात्मक कार्यक्रम गरिने प्रतिष्ठानले जनाएको छ । यसै अन्तरगत गत शुक्रबार कविता र संस्मरण वाचन गरियो र त्यसका सबल दुर्बल पक्षमा उपस्थित स्रष्टाहरूबाट सङ्क्षिप्तमा समीक्षा गरियो । सो अवसमा कवि हिरामणि दुःखी र विमला चन्दले आफ्ना कविता सुनाएका थिए भने अर्का कवि मोदनाथ मरहट्टाले भारतको नैनिताल भ्रमणको अनुभूति समेटिएको संस्मरण सुनाए । वाचित रचनाहरू माथि स्रष्टाहरू मित्रलाल पंज्ञानी, मनोहर लामिछाने, मोदनाथ मरहट्टा, पूण्य आचार्य, हिरामणि दुःखी र विमला चन्दले समीक्षा गरेका थिए ।


प्रतिष्ठानले यस आर्थिक वर्षदेखि नियमित मासिक कार्यक्रमको थालनी गरेको छ । हरेक महिनाको अन्तिम शुक्रबार दिनको तीन बजेदेखि गरिने कार्यक्रमको संयोजन गर्ने जिम्मा प्रतिष्ठानका प्राज्ञ मित्रलाल पंज्ञानीलाई तोकिएको कुरा प्रतिष्ठानका सदस्य सचिव हिरामणि दुःखीले बताए । प्रतिष्ठानको आफ्नै सभाहलमा गरिने कार्यक्रमको व्यवस्थापन प्रतिष्ठान स्वमले गर्ने जानकारी सदस्य सचिवले दिए । कार्यक्रमको उद्देश्यका बारेमा सङ्क्षिप्त जानकारी दिँदै दुःखीले भने 'मुलतः प्रगतिवादी धाराका साहित्यमा कला पक्ष कमजोर र राजनीतिक विषय बढि आउँछन् भन्ने प्रतिध्रुवीय आरोपलाई चिर्नका लागि प्रगतिवादी धाराका स्रष्टा र द्रष्टा सबैलाई सहभागी गराउने र त्यसमा व्यापक अन्तरक्रिया गर्नु र स्रष्टाहरूमा उत्प्रेरणा जगाउनु हो । अर्को कुरा इच्छुक प्रतिष्ठानको उद्देश्यलाई व्यापक बनाउँदै यसका साहित्यिक गतिविधिहरूलाई श्रमजिवि जनसमुदायमा पुऱ्याउनु, जनयुद्ध सिर्जित नवीन साहित्यको प्रचार प्रसार गर्नु हो ।' यो कार्यक्रममा सहभागिताको दायरा के हो भन्ने जिज्ञासामा उनले भने 'प्रगतिशील र प्रगतिवादी धाराका सबै स्रष्टा र द्रष्टाहरूलाई कार्यक्रममा सहभागी गराइन्छ । कार्यक्रमको प्रकृति हेरेर कतिपय सन्दर्भमा हाम्रा प्रतिध्रुवका द्रष्टाहरूलाई पनि हामी आमन्त्रण गरेर अन्तरक्रिया गराउँछौं ।'

यसैबिच 'प्रतिष्ठान नेपालका सबै मार्क्सवादी स्रष्टाहरूको साझा केन्द्र भएकाले यसका कार्यक्रमहरूमा सहभागी हुन सबैलाई विनम्र आग्रह गरिन्छ ।' दुःखीले बताए ।

# कास्मिरमा भिषण हमला, १७ सैनिक मारिए

● **एजेन्सी ।**

भारत प्रशासित कास्मिरको उरी सेक्टरमा आइतबार बिहानै एक सैनिक क्षेत्रमा भएको आत्मघाती आक्रमणमा १७ जना भारतीय सैनिक मारिएका छन् । आक्रमणका क्रममा चार आक्रमणकारी विद्रोहीको पनि मृत्यु भएको छ । विद्रोहीको आक्रमणबाट ठूलो क्षति भएपछि सेनाप्रमुख दलबीर सिंह सुहाग कास्मिर गएका छन् । बिहान करिब साढे ५ बजे नै बारामुलाको उरी सेक्टरस्थित सैनिक इलाकामा आक्रमण भएको थियो । कास्मिरमा विद्रोहीहरूको आक्रमणपछि केन्द्रीय गृहमन्त्री राजनाथ सिंहको रुस र अमेरिका भ्रमण



स्थगित भएको छ । उनी सोमबार रुस र अमेरिकाको यात्रामा निस्कने कार्यक्रम थियो । उनले गृहमन्त्रालयका वरिष्ठ अधिकारीहरूलाई जम्मू कास्मिरको अवस्थालाई ध्यानमा राख्न निर्देशन दिएका छन् । भारत प्रशासित कास्मिरमा पछिल्ला ७० दिनभन्दा अघि देखि हिंसात्मक घटनाहरू भइरहेका छन् । हिजबुल मुजाहिद्दिनका कमाण्डर बुरहान बानीको हत्यापछि कास्मिरमा सुरु भएको आन्दोलनका क्रममा प्रहरीको गोली लागी हालसम्म ८५ भन्दा बढीको मृत्यु भइसकेको छ भने हजारौं घाइते भएका छन् । शुक्रबार श्रीनगरमा सुरक्षाकर्मीले पक्राउ गरेका एक छात्रको शनिबार शव भेटिएपछि पुनः आन्दोलन सुरु भएको थियो । दुई महिना देखि कास्मिरमा कर्फ्यु जारी छ भने शिक्षण संस्था, बजार पसल समेत ठप्प रहेका छन् ।

# क्रान्तिकारी पत्रकार महासंघ चितवनको अध्यक्षमा बराल

**चितवन ।** शनिबार सम्पन्न भेलाले क्रान्तिकारी पत्रकार महासंघ चितवनको अध्यक्षमा पत्रकार सूर्य बराललाई चयन गरेको छ । भेलाले सूर्य बरालको अध्यक्षतामा नौ सदस्यीय जिल्ला कार्य समिति गठन गरेको छ । समितिको सचिवमा सरोज उपरकोटी र कोषाध्यक्षमा प्रेम कंडेललाई चयन गरेको छ भने समितीको सदस्यहरूमा रोशन थापामगर, विनय ढुंगाना, कृष्ण परियार र अनिता वि.क चयन भएका छन् । हुनुभएको छ । भेलाले दुई जना सदस्य पछि थप गर्ने निर्णय गरेको सचिव उपरकोटीले बताए ।

नेकपा (क्रान्तिकारी माओवादी) का चितवनका जिल्ला संयोजक सुरेश गौतमको प्रमुख आतिथ्यतामा सम्पन्न भेलामा पार्टीका फ्याक्सन ईन्चार्ज अशोक शर्मा , क्रान्तिकारी पत्रकार



महासंघका केन्द्रीय सदस्य शंकरप्रसाद सुवेदी लगायतको उपस्थिति रहेको थियो । भेलाले चितवनका विभिन्न संचार गृहहरूमा कार्यरत क्रियाशिल पत्रकारहरूलाई सदस्यता सिफारिस नगरिएको र कतिपय गैर पत्रकारहरूलाई दिइएको सदस्यता खारेज गरिनुपर्ने माग गरेको छ । जिल्लाबाट संचालित मिडियाहरूमा श्रमजीवि ऐन कार्यान्वयन भएनभएको, साना लगानीका मिडियाहरूको अवस्था र नेपाल पत्रकार महासंघ चितवन शाखामा आवद्ध सक्रिय निस्क्रिय सदस्यहरू अध्ययन गर्ने र पत्रकारहरूले भोगिरहेका समस्याहरू समाधानका लागि र क्रियाशिल पत्रकारहरूका नया सदस्यको लागि नेपाल पत्रकार महासंघ चितवनसँग अन्तर्क्रिया र प्रभावकारी सहकार्य गर्ने भेला लगत्तै बसेको नयाँ कार्यसमितिको बैठकले निर्णय गरेको नवनिर्वाचित अध्यक्षले जानकारी दिए ।

## राष्ट्रघातको नवीकरण ...

र हरेक काम नेपालको हितमा वा दुबै देशको पारस्परिक हितमा गर्ने भएको भए भारतको प्रशंसालाई हामी कुनै दुश्मनको होइन कि मित्रकै प्रशंसाका रुपमा लिन सक्दथ्यौं । त्यस्तो प्रशंसा हाम्रो निम्ति खुशीकै कुरा हुन सक्दथ्यो । त्यस्तो प्रशंसा हाम्रो निम्ति सकारात्मक कुरा नै हुन सक्दथ्यो । तर कुरो यस्तो त होइन । चीज यस्तो त होइन ।

मान्छेहरू भन्ने गर्दथे, 'प्रचण्ड भारतका शासक बर्गमा मान्छे भैसकेका छन् । उनी भारतले जन्माएका मान्छे हुन् । उनी भारतले खडा गरेका मान्छे हुन् । यिनी भारतको ईशारामा चल्ने मान्छे हुन् । यिनी भारतका मान्छे हुन् ।' यतिबेला उनका हरेक गतिविधिले यही कुरा पुष्टि गरिरहेको छ । पार्टीको संख्यात्मक हिसाबले उनी तेस्रो ठूलो पार्टीमा पार्दछन् । तेस्रो ठूलो पार्टीका मान्छे प्रधानमन्त्री हुन नपर्ने । तर पनि नाटकीय रुपमा उनी प्रधानमन्त्री हुन पुगे । उनी भारतकै इच्छा चाहना र आड भरोसमा नै प्रधानमन्त्री बने भन्ने कुरा देखिन्छ । शायद यही भएर भारतले उनलाई निकै खातिर गर्न थालेको छ । उनलाई उचाल्न थालेको छ । उनलाई राजकीय सम्मान गर्न थालेको छ । मान्छेहरू दुहुनो भैसीलाई हरियो घाँस हाल्छन् । भारतले यतिबेला पुष्पकमल दाहाल प्रचण्डलाई दुहुनो भैसी ठानेको छ । उनीबाट ज्यादा ज्यादा दूध झार्नलाई उसले उनलाई रातो कार्पेट बिछ्याएर स्वागत गरेको छ । उनीबाट दूधको नाममा एक थोपो पनि नझर्ने भए भारतले पुष्पलाल दाहाललाई कर्के आँखाले पनि हेर्दैन्थ्यो । उनलाई थारो भैसीलाई जस्तै नकटाए पनि हरियो घाँस हालेर अवश्य राख्ने थिएन । उनीबाट केही झर्छ भनेर नै भारतले उनलाई यति भव्य स्वागत गर्न लागेको हो । उनको यति ठूलो खातिर गर्न थालेको हो । नत्र कौन पुछे मसुरीका दाल ।

तीन ठूला दलहरूको ताकतमा जारी गरिएको संविधान लागू गर्ने काम तीन ठूला दलहरूकै हो । संविधानलाई जलाउने मधेसवादी दलले संविधानलाई लागू गर्ने कुरा भएन । संविधानसभाको बहिस्कार गरेको माओवादीले पनि संविधान लागू गरिदिने कुरा भएन । यसैले यतिबेला प्रचण्ड सरकारको प्रमुख काम संविधानको कार्यान्वयन नै हुन पुगेको छ । प्रधानमन्त्री यतिबेला यही काममा दिन रात खट्नुपर्ने । के आवश्यक थियो उनले प्रधानमन्त्री हुँदा लगाएको मालाको फूल अझै राम्ररी सुक्न नपाउँदै उनलाई दिल्लीको दौडाहामा निस्किन । भारतको भ्रमणमा निस्किन । नेपालका लागि कुनै महत्वपूर्ण कार्यको लागि पनि होइन । अत्यावश्यक कामको लागि पनि होइन । उही हिजो उनी लगायतका नेपालका अन्य शासकले भारतको दबाबमा गरेका राष्ट्रघाती सन्धिलाई नवीकरण गरिदिन । लालमोहर लगाइदिन । यसरी अरुले राष्ट्रघात गरेका कुरामा थप राष्ट्रघात गर्न उनलाई किन दिल्ली दरबारको लागि साइत गर्नु पर्दथ्यो । बरु उनी यतै हिजोका पंचे मंत्रीले जस्तै शौचालयहरूको उद्घाटन गर्दै बसेको भए हुन्थ्यो । उनले उद्घाटन गर्नुपर्ने वा धागो काट्नुपर्ने जस्ता कुनै पनि महत्वपूर्ण काम नभए ओछ्यान लगाएर मीठो निंदमा रंगीन सपना देख्दै सुतेको भए पनि यो पनि यस देशको हितकै काम हुन्थ्यो । गाली खाने होइन, ताली खाने काम हुन्थ्यो ।

## पश्चगामी संविधान ...

र त्यसैको कार्यान्वयनमा जाने काममा लाग्नै सक्तैन । यो कुरा कम्युनिष्ट आन्दोलनको इतिहास हेरे स्पष्ट हुन्छ । रुसमा लोकतान्त्रिक गणतन्त्रको स्थापना भएको स्थितिमा लेनिनले त्यसका विरुद्ध समाजवादी क्रान्तिको राजनीतिक कार्यदिशालाई अवलम्बन गरेको कुरा जगजाहेर छ ।

यसैगरी आफूलाई कम्युनिष्ट वा वामपन्थी बताउने कतिपय मानिसहरू के पनि भन्दछन् भने देशको वर्तमान राजनीतिक शक्तिसन्तुलनको स्थितिमाथि ध्यानदिंदै यही संसदीय व्यवस्था र राज्यसत्तालाई स्वीकार गरेर जानु नै उपयुक्त हुन्छ । यो तर्क पनि नितान्त गलत हो । वस्तुतः आज वर्तमान राज्यसत्ता गम्भीर राजनीतिक संकटका बिचबाट गुज्रिरहेको छ । यसै संसदीय राज्यसत्तालाई स्वीकार गर्ने राजनीतिक शक्तिहरूका बीचमा पनि भीषण अन्तरविरोधहरू कायम छन् र ती चर्कंदै गएका छन् । अहिले यस प्रकारको पश्चगामी संविधानको कार्यान्वयन प्रश्न पनि धरापमा पर्दै गएको छ । संविधान बनाइएदेखिनै नेपाली राजनीतिमा संविधान संशोधन, पुनःलेखन र खारेजीका कुरा उठ्दै आएका छन् । यो बेला यदि सच्चा देशभक्त जनवादी तथा वामपन्थीहरू एकढिक्का बन्न सकेको भए अथवा भनौं माओवादी शक्तिहरूको एउटा हिस्सामा विचलन पैदा नभएको भए यस प्रकारको पश्चगामी संविधान बन्न सक्ने स्थिति नै थिएन र अग्रगामी संविधान बनाउन सकिने संभावना प्रवल थियो । वस्तुतः अहिले पनि नेपालमा क्रान्तिका निम्ति अथवा भनौं अग्रगामी संविधान निर्माणका निम्ति वस्तुगत अवस्था परिपक्व बन्दै गएको देखिन्छ । यसरी हेर्दा शक्ति सन्तुलनको तर्क पनि उपयुक्त देखिदैन ।

अहिले देशमा विद्यमान राजनीतिक संकटको समाधान त्यही पश्चगामी संविधान संशोधन गर्ने, आफ्ना बन्धुबान्धवहरूलाई मिलाउने र जनतालाई भ्रमित तुल्याउने षड्यन्त्रमा देशी तथा बिदेशी प्रतिक्रियावादी शक्तिहरू लागिपरेका छन् । परन्तु समस्याको असली समाधान पश्चगामी संविधानको संशोधन गरेर होइन त्यसलाई खारेज तथा आमूल परिवर्तन गरी अग्रगामी संविधानको निर्माण गरेर मात्र हुन सक्तछ ।

वास्तविक अर्थमा देशलाई अर्धसामन्ती, अर्ध तथा नव औपनिवेशिक अवस्थाबाट मुक्त तुल्याउन राष्ट्रियता, जनतन्त्र तथा जनजीविका आधारभूत समस्या समाधान गर्न र मजदुर, किसान, महिला, दलित, जनजाति, मधेसी, मुस्लिम एवम् पिछडिएको क्षेत्रका जनतालाई राज्यसत्ताको वास्तविक मालिक बनाउनका लागि पश्चगामी संविधानको खारेजी र आमूल परिवर्तन सहित अग्रगामी संविधानको निर्माण अहिलेको आवश्यकता हो । अग्रगामी संविधान भनेको संघीय जनगणतान्त्रिक संविधान नै हो । अर्को शब्दमा यसलाई नयाँ जनवादी संविधान पनि भन्न सकिन्छ । यस प्रकारको संघीय जनगणतान्त्रिक संविधानको स्थापना गरेपछि मात्र राष्ट्रियता, जनतन्त्र र जनजीवीकाका समस्या समाधान गर्दै हामी समाजवाद र साम्यवादको दिशामा अगाडि बढ्न सक्तछौं ।

संघीय जनगणतान्त्रिक संविधानको निर्माणका लागि हामीले क्रान्तिको तयारीको काममा लाग्नु पर्दछ । सबैखाले प्रतिक्रियावादी र संशोधनवादीहरू क्रान्तिको बिउ मास्ने प्रक्रियामा लागेका छन् । परन्तु, क्रान्तिको बिउ मासिदैन । क्रान्तिकारीहरूले इतिहासमा रक्तबीजको भूमिका खेल्दछन् । बरु अन्ततः मासिने त प्रतिक्रियावादी र संशोधनवादी शक्ति नै हुन् । विश्व र नेपालमा पनि क्रान्तिका लागि वस्तुगत परिस्थिति परिपक्व बन्दै गएको छ । अब आत्मगत रुपमा पनि परिपक्व बन्दै जानु अहिलेको एतिहासिक आवश्यकता हो ।

## राष्ट्रिघाती सन्धि ...

आदिलाई निरन्तरता दिंदै व्यापार, पारवहनसहित आर्थिक, राजनीतिक, सामरिक, सांस्कृतिक लगायत विविध पक्षमा भारतीय विस्तारवादद्वारा गरिएका हस्तक्षेपलाई नवीनीकरण गरिएको कुरा स्पष्ट देखिन्छ । सो सम्झौतामा संयुक्त राष्ट्रसंघको सुरक्षा परिषद्को उम्मेदवारीमा भारतलाई सघाउने वचन दिइनु असंलग्न परराष्ट्र नीति विपरीत हुन गएको छ । साथै संविधान निर्माणलाई आन्तरिक मामिला बताउँदै आएका नेपालका प्रधानमन्त्री सो संविधान संशोधन लगायतका विषयमा भारतीय प्रधानमन्त्रीको आशीर्वाद थाप्न भारतमा गएको र त्यो पनि सफल बन्न नसकेको कुरा सो संयुक्त वक्तव्यद्वारा जाहेर हुन गएको छ ।

तसर्थ, हाम्रो पार्टी भारतसित गरिएका सन् १९५० लगायत ऊर्जा व्यापार सम्झौता, माथिल्लो कर्णाली जलविद्युत परियोजना लगायतका असमान तथा राष्ट्रघाती सन्धि सम्झौता एवम् सहमतिहरूको खारेजीसहित नयाँ आधारमा नयाँ सम्झौता सहमति गर्नका लागि विशेष जोड दिन्छ । साथै, हाम्रो पार्टी नेपालका प्राकृतिक तथा मानवीय स्रोत साधनहरूको नेपाली जनताकै हितमा उपयोग गर्न र बाह्य हस्तक्षेप तथा राष्ट्रघातका विरुद्ध राष्ट्रिय स्वाधीनताको आन्दोलनलाई नयाँ ढंगले संगठित तुल्याउन पुनः प्रतिबद्धता जाहेर गर्दछ ।"

**दाहाल चुँसम्म बोलेनन् यी विषयमा**

सन् पचासको सन्धिलगायत विगतमा भएका सबै सन्धिहरूको खारेज तथा पुनरावलोकन गर्नुपर्ने, भारतीय कम्पनीहरूसँग गरिएका माथिल्लो कर्णाली, अरुण तेस्रो जलविद्युत परियोजना सम्झौता खारेज गरी नेपालीहरू आफैले बनाउनुपर्छ, सप्तकोशी उच्चबाँधको निर्माण प्रक्रिया तत्काल रोक्नुपर्छ, सुस्ता र कालापानीलगायत ठाउँमा भारतद्वारा अतिक्रमित गरेको भूभाग फिर्ता गरिनुपर्छ, चीन र भारतबीच गरिएको लिपुलेक सम्झौता खारेज गरिनु पर्दछ, मोरङको विराटनगरमा राखिएको भारतीय चेकपोष्ट हटाउनुपर्छ, एकतर्फीरुपमा सीमामा बाँधिएका बाँधहरू भत्काइनुपर्दछ, सीमामा बस्ने नेपालीहरूमाथि भारतीय सुरक्षाकर्मीलगायतले गर्ने ज्यादतीको अन्त्य गरिनु पर्दछ र नेपालको आन्तरिक मामिलामा भारतीय हस्तक्षेप बन्द गरिनुपर्दछ, भारतसँग गरिएको विप्पा सम्झौता खारेज गरिनु पर्दछ भन्ने आवाजहरू जनस्तरबाट ठूलो आवाजमा उठिरहेका छन् । प्रधानमन्त्री दाहालले भ्रमणको क्रममा उल्लेखित कुनै पनि विषयमा कुनै चर्चा गरेनन् । बरु अहिलेसम्म भारतको हितमा जे, जति र जस्ता सम्झौता भएका छन्, ती सबैको कार्यान्वयनमा जोड गरियो । यसका अतिरिक्त भारतीय समकक्षी नरेन्द्र मोदीसँग प्रम दाहालले अझ ठूलो राष्ट्रघाती सन्धिसम्झौता गरेको पनि हुनसक्छ । भ्रमणपूर्व प्रम दाहालले गरेका गतिविधि र 'रिस्क मोल्न पाउनुपर्ने' जस्ता भनाइहरूलाई आधार माने हो भने सहजै अनुमान लगाउन सकिन्छ । केही समयपछि त्यसको पनि पर्दाफास अवश्य हुनेछ ।

## जनसेना भ्रष्टाचार ...

समेत अर्थपूर्ण भएको जनाएको थियो । अख्तियारले जनसेनाका शिविरमा भएको भ्रष्टाचार र रकम निकासा प्रकरणमा संलग्न सबैमाथि छानविन गरेमा तत्कालीन प्रधानमन्त्रीहरू स्व.गिरिजाप्रसाद कोइराला, पुष्पकमल दाहाल, माधवकुमार नेपाल, बाबुराम भट्टराई, जनसेनाका कमाण्डरहरूसहित दर्जनौं एकैपटक तानिने छन् ।

तत्कालीन माओवादी जनसेनाको भरणपोषण र रकम निकासाबारे छानबिनका क्रममा त्यतिबेला निर्णय प्रक्रियामा सहभागी पदाधिकारीलाई अनुसन्धानका लागि बयान दिन अख्तियारले बोलाएको हो । अख्तियारले जनसेनाको संख्या र निकासा भएको रकमबीच तालमेल नदेखिएकाले भ्रष्टाचार भएको निष्कर्षका साथ बयानका लागि बोलाइएको बताएको छ । तर, त्यसबेला नै जनसेनाका शिविरमा भ्रष्टचार भएको विषयमा तत्कालीन एमाओवादीका २०६९ मा भृकुटीमण्डपमा बसेको बैठकमा कुर्सी हानाहान समेत भएको थियो । त्यसपछि नेता पोष्टबहादुर बोगटीको नेतृत्वमा छानविन समिति बनाइएपनि त्यसको प्रतिवेदन सार्वजनिक नभइकनै बोगटीको निधन भइसकेको छ । जनसेनाको भरणपोषण तथा रकम निकासा गर्ने सम्बन्धमा निर्णय प्रक्रियामा रहेका कतिपय लडाकु कमान्डर हाल संसददेखि संवैधानिक पदमा समेत छन् भने जनसेनाका सुप्रिम कमाण्डर तथा गणतन्त्र स्थापनापछिका पहिलो प्रधानमन्त्री रहेको पुष्पकमल दाहाल अहिले पनि प्रधानमन्त्री छन् । जनसेनाका तत्कालीन कमाण्डरहरू नन्दबहादुर पुन हाल उपराष्ट्रपति छन् भने डेपुटी कमान्डर चन्द्रप्रकाश खनाल प्रधानमन्त्री दाहालका राजनीतिक सल्लाहकार, जनार्दन शर्मा ऊर्जामन्त्री, लडाकुको रकम बुझ्ने कृष्णबहादुर महरा उपप्रधान तथा अर्थमन्त्री रहेका छन् । यसअघि नै आयोगले जनसेना शिविरको विस्तृत विवरण मगाएपनि अनुसन्धान प्रक्रिया सुरु गरेको थिएन । राजनीतिक दलभित्रका ठूला भ्रष्टाचारीलाई समात्न नसकेको भन्दै आलोचना भइरहेका बेला अख्तियारले जनसेनाका शिविरको फाइल अघि बढाएको हो । जनसेनाको शिविर छानविन भएमा लहरो तान्दा पहरो थर्किने अवस्था भएका कारण माओवादी केन्द्रसहित त्यसबेलाको निर्णय प्रक्रियामा सहभागी सबैजसो पदाधिकारी चुपचाप रहँदै आएका थिए । तर, अख्तियार प्रमुख कार्कीको पद नै धरापमा परेपछि शिविरको फाइल खोलिएको छ ।

## 'विचार-राजनीति- ...

जुन रणनीति पार्टीले अवलम्बन गरेको छ, त्यो उचाईबाट कार्यकर्ता तथा पार्टीपंक्तिले एकरुपताका साथ ग्रहण गर्न सके मात्र आन्दोलनले अर्को उचाई प्राप्त गर्न सक्दछ ।

वैचारिक राजनैतिक हिसाबले हामीले जे जस्ता सफलता प्राप्त गरेका छौं, त्यसको तुलनामा संगठन र संघर्षका हिसाबले हाम्रा अगाडि कयौं चुनौतीहरू छन् । ती चुनौतीहरूलाई परास्त गर्न सामान्य प्रकारको मेहेनतले सम्भव छैन । जसरी लेनिनले 'विशेष परिस्थितिको उपयोग गर्ने निर्णय पार्टीले गरेको छ भने उसले आफ्ना सम्पूर्ण सदस्य र पार्टी कमिटिको उर्जा (शक्ति) यस अभियानमा लगाउनु पर्ने' कुरामा जोड दिएका छन् । त्यो कुरा हाम्रो मूल मन्त्र हुनु पर्दछ । त्यसले मात्र पार्टीलाई समग्र देशको क्रान्तिकारी आन्दोलनको नेतृत्व गर्न सक्षम बनाउने छ । यो विषय पार्टीका अभियानमा सफल पार्ने कुरासँग मात्र सीमित छैन । समग्र क्रान्तिकारी आन्दोलन अर्को शब्दमा भन्नुपर्दा जनताको जनतन्त्र, जनजीविका, राष्ट्रिय स्वाधीनता तथा स्वाभिमान र समृद्धि पनि जोडिएको छ ।

## संक्षिप्त समाचार

# किराती मोर्चाको अध्यक्षमा शुभचन्द्र राई



**धरान ।** भदौ ३० मा सम्पन्न अखिल नेपाल किराती राष्ट्रिय मुक्ति मोर्चाको दोस्रो राष्ट्रिय भेलाले मोर्चाको अध्यक्षमा शुभचन्द्र राईलाई चयन गरेको छ । सुनसरीको धरानस्थित गीता भवनमा २९-३० दुई दिनसम्म चलेको भेलाले उपाध्यक्षमा क्रमशः टंकमणि राई (ईलाम), ध्रुवराज राई (भोजपुर), उत्तरकुमार राई(काठमाडौं) लाई चयन गरेको छ भने महासचिवमा गौरव राई(सुनसरी) चुनिएका छन् । सचिवमा क्रमशः गंगादेवी राई(काठमाडौं), प्रेमबहादुर राई (मोरङ) र बालकुमार सुनुवार (काठमाडौं)मा चयन गरिएको छ भने कोषाध्यक्षमा जशोधा राई(सुनसरी) चुनिएकी छिन् ।

तीन सदस्य पछि थप्ने गरी ३५ सदस्यीय केन्द्रीय समिति बनाएको मोर्चाले १३ सदस्यीय सचिवालय बनाएको छ । त्यसैगरी मोर्चाको भेलाले नगेन्द्र राईको नेतृत्वमा सोनाम किराती र मातृका राई सदस्य रहेको एक केन्द्रीय सल्लाहकार समिति पनि बनाएको छ । नयाँ कार्यसमितिको बैठकले मुलुकमा उत्पीडित जातिहरूको राष्ट्रियतामा आधारित पहिचान सहितको संघीयता स्थानार्थ संघर्षका कार्यक्रममा केन्द्रीत हुने गरी सबै केन्द्रीय सदस्यहरूको कार्यविभाजन गरेको छ ।

भदौ २९ गते नेकपा (क्रान्तिकारी माओवादी)का केन्द्रीय सचिवालय सदस्य तथा लिम्बूवानका इन्चार्ज सिताराम तामाङले अखिल नेपाल किराती राष्ट्रिय मुक्ति मोर्चा र अखिल नेपाल लिम्बूवान राष्ट्रिय मुक्ति मोर्चाको संयुक्त रुपमा उद्घाटन गरेको उक्त भेलामा क्रान्तिकारी माओवादीका केन्द्रीय सचिवालय सदस्य नगेन्द्र राई, केन्द्रीय सदस्यहरू मिनकुमार राउत (किरात संयोजक), केदार गुरागाईं(कोचिला संयोजक), मनोज श्रेष्ठ, मोहन लिम्बू, केवी फुदुङ, गणेश कटुवाललगायतका नेताहरूको उपस्थिति रहेको थियो ।

# लिम्बूवान मोर्चाको संयोजकमा केवि फुदुङ



**धरान ।** अखिल नेपाल लिम्बूवान राष्ट्रिय मुक्ति मोर्चाको राष्ट्रिय भेलाले अधिवेशन आयोजक कमिटीको संयोजकमा केवी फुदुङलाई चयन गरेको छ । सुनसरीको धरानमा मोर्चाको भाद्र २ ९ र ३० मा सम्पन्न उक्त भेलाले पछि ३ सदस्य थप्ने गरी १५ सदस्यीय आयोजक समिति बनाएको छ । मोर्चाका सदस्यहरूमा तारक तुम्बाहाङफे, सूर्य लिम्बु, भूपेन्द्र लिम्बु, सुवास योङ्याङ, नरेन्द्र नेम्वाङ, याम फुदोङ, करिना चलङ, धनकुमार लिङ्गदेन, शेरबहादुर इङ्नाम, पारस सुब्बा, उदय लिम्बु रहेका छन् ।

भेलाको प्रमुख आतिथ्यता नेकपा (क्रान्तिकारी माओवादी)का केन्द्रीय सचिवालय सदस्य तथा लिम्बूवानका इन्चार्ज सिताराम तामाङले गरेका थिए भने सोही पार्टीका केन्द्रीय सचिवालय सदस्य नगेन्द्र राईलगायत नेताहरूको उपस्थिति रहेको थियो ।

# क्रान्तिकारी सेक्युरिटी संघको कोषाध्यक्षमा रामदिप बगाले

**काठमाडौं ।** अखिल नेपाल क्रान्तिकारी सेक्युरिटी संघको हालै बसेको कार्यालयको विस्तारित बैठकले रिक्त रहेको कोषाध्यक्षको पदमा सचिवालय सदस्य रामदिप बगालेलाई चयन गरेको छ । साथै बठकले रिक्त रहेको केन्द्रीय सदस्यको पदमा बुद्धि गुरुङलाई मनोनित गरेको छ । संघका उपाध्यक्ष ओम विकले दिएको जानकारी अनुसार संघ संगठन विस्तार अभियानमा तीव्र रुपमा लागिरहेको छ ।

# क्रान्तिकारी माओवादी इलामको संयोजकमा रुद्र साम्पाङ

**इलाम ।** हामीलाई ढिलोगरी प्राप्त जानकारी अनुसार नेकपा (क्रान्तिकारी माओवादी) इलामको जिल्ला समितिको पुनर्गठन रुद्र साम्पाङको संयोजकत्वमा सम्पन्न भएको छ । श्रावण ९ मा भएको भेलाले दवीभक्त राय, टंकमणि राई, दिपकचन्द्र गौतम, भिम खड्का, दलबहादुर योङहाङ, धनकुमार लोरिन्दिन, महेन्द्र राई, कुलबहादुर थेगिमलाई जिल्ला पार्टीको सदस्यमा चयन गरेको छ । सो भेला पार्टीका केन्द्रीय सचिवालय सदस्य सिताराम तामाङ र केन्द्रीय सदस्य केवी फुदुङको उपस्थितिमा सम्पन्न भएको थियो ।

# क्रान्तिकारी माओवादी इलामको गोदकमा अधिकारी

**इलाम ।** भाद्र २४ को एक भेलाले नेकपा (क्रान्तिकारी माओवादी) इलामको गोदक गाउँ भेलाले ठाकुरप्रसाद अधिकारीको संयोजकत्वमा गाउँ पार्टी गठन गरेको छ । भेलाले सदस्यहरूमा सरोज नेपाल, हेमबहादुर खड्का, पेमा तामाङ, निरबहादुर गोले, रीता लेप्चा, डम्बर लेप्चा, टिकाप्रसाद अधिकारी र केशव प्रसाद अधिकारीलाई संगठित गरेको छ ।

**काठमाडौं तर्फ टिकट बुकिङ स्थानहरू**
सुनिल लामा - ९८५११३५५७३/९८४१०३८८६१
इन्चार्ज, कलंकी काउन्टर
जोरपाटी : ९८५१०४०३१५
नयाँ बसपार्क : ९८१८९६५६४१
स्वयम्भू : ९८५११३९९५९
कलंकी बाबा आयल : ९८४१०३८८६१
बागबजार : ९८२३२६०३१०
मैतीदेवी : ९८५११३९९५९
सुन्धारा : ९८५११३५५७३
बानेश्वर, शंखमुल : ९८१८५२१०३७
कोटेश्वर : ९८२३३०५८१२
ग्वार्को इमाडोल : ९८२३२६०३१०
सातदोबाटो : ९८४१०३८८६१
बल्खु : ९८२३३०५८११
कीर्तिपुर : ९८२३३०५८१२
थानकोट : ९८४१०३८८६१

**धौलागिरी अञ्चल तथा घोडाघोडी बस व्यवसायी समितिद्वारा संचालित**
A/C, Tourist Bus, Delux Bus, A/C Micro SCORPIO, Zeep, TATA SUMO सेवा
पोखरा, कुस्मा, फलेवास, बाग्लुङ गलकोट हटिया, बुर्तिबाङ, मुक्तिनाथ, दाङ तुलसीपुर, लुम्बिनी, नेपालगंज, सुर्खेत कालिकोट, जुम्ला, दैलेख, जाजरकोट, खलंगा दिल्ली, बनारासी साथै राष्ट्रिय तथा अन्तराष्ट्रिय हवाई टिकटको पनि व्यवस्था छ ।
फोन मार्फत् टिकट बुकिङ गर्नुको साथै घरदैलोबाटै पिक अप को राम्रो व्यवस्था मिलाएको छ ।

जि.प्र.का. काठमाडौं, द.नं. १९४-०७२/०७३

वर्गदृष्टि Bargadristi Weekly साप्ताहिक

## आलोपालो

# ‘कालो संविधान’ ब्ल्याक आउट !



■ कमल चौधरी

संविधानसभाको ९०% ले स्वीकृति दिएको संविधान हो अरे ! संसारकै उत्कृष्ट संविधान हो अरे ! यही भनाई संविधानसभाका स्वघोषित ठूला दलका नेता वा सिण्डिकेट मास्टरहरूको मुखारबिन्दुबाट बारम्बार दोहोरिने गऱ्यो । यो कसलाई सुनाउन यस्तो भनियो थाहा भएन । नेपालीको निम्ति उत्कृष्ट नभएको त घोषणा भएकै बेला थाहा लाग्यो । त्यसबेला दुईप्रकारका दृश्य देखा परे । एउटा संविधान घोषणा हुने स्थलमा दीप प्रज्ज्वलन बाजागाजासहितको खुशियाली उद्‌गार व्यक्त गर्नेहरू समूहहरूको उछलकुद थियो भने अर्कोतिर राजधानीकै सडक सुनसान र महानगरभित्रकै टोल मुहल्ला अँध्यारोमा थियो । त्यो लोडसेडिङको कारणले होइन, राजधानीका जनताको विरोध थियो । दोस्रो दिनको दृश्य, संविधानको स्वागत गर्नको निम्ति सरकारी पक्षको सार्वजनिक सभा भइरहेको थियो, त्यहीबेला संविधानको विरोध गर्नेहरूले संविधान दहन गरिरहेका दृश्यहरू देखिए । उपत्यका बाहिर सरकारी कार्यालय बाहेक देशैभरि ब्ल्याकआउट गरे नेपाली जनताले ।

संविधानको घोषणा त गरियो । ९०% भन्दा बढीले बनाएको संविधान कार्यान्वयनको पालो छ । वर्षदिन त भइसक्यो, अहिलेसम्म घोषणा पछि नाममात्रको संशोधन बाहेक केही भएन । बच्चा जन्मिदा ६ महिनामा अन्नप्रासनको संस्कार नेपाली समाजमा हुने गर्छ तर यो संविधान त नेपाली संस्कार लिएर जन्मेकै रहेनछ । नेपाली जनताले त्यसलाई अपनत्व दिएर स्वीकार गरेको पनि छैन । यसरी यो अल्पमतको संविधान बन्न पुगेको छ । जनतालाई के पनि आभाष भयो भने संविधानसभामा पठाइएका प्रतिनिधिको सही छनौट भएन, छनौट प्रक्रिया नै सही थिएन । त्रुटिपूर्ण थियो । यही कारण हो कि ९०% को स्वीकृति भनिएपनि नेपाली जनताको लागि त्यो मान्य हुन सकेन । सायद प्रत्याव्हानको व्यवस्था गरिएको भए जनताले त्यस्ता जनघातीहरूलाई एकएक गरेर फिर्ता बोलाउने थिए होलान् । पुँजीवाद भ्रमको संजाल पनि हो । जतिसुकै लोकतन्त्र वा प्रजातन्त्र भनेर फलाके पनि भ्रमको खेती गर्ने राजनीति अनौठो मानिदैन । तर जनता सजग भएपछि त्यस्तो धोकाबाजीको परिणाम दुखद् नै हुन्छ ।

प्रतिक्रियावादी शासनसत्तामा शासकको स्वभाव के पाइएको छ भने एकपल्ट कुर्सीमा उक्लेपछि जनतालाई भुईमा हिड्ने कमिला र आफू आन्टईहरको स्थितिमा पुगेको ठान्न थालिन्छ । जनताको अधिकार कमिलाको गोला देखिन्छ । त्यसलाई भत्काउने व्यूहरचनालाई बुद्धिमानी ठानिन्छ । तिनको प्रतिवद्धतामा पनि त्यसै अनुकूल हुन्छ । तिनको रोजगार नै त्यही हुन्छ । संविधानको कुरा गर्दा फेरि जनताको अधिकार र अवस्थाको कुरा त उठिहाल्छ । त्यसको बनिबनाउ उत्तर संविधान संशोधन जिन्नोमा भ्भ्एिडएको पाइन्छ । के हो त त्यो लाखौं रोगको उपचार ? सेना परिचालन गरेर सदियौंदेखि शासक वर्गको सबै सुविधा उपभोग गरिरहेका वर्ग र जातिको स्थितिमा अन्तर नपर्ने गरी धारा उपधाराको व्यवस्था भएको संविधान बनाउने र घोषणा गर्ने अनि त्यसपछि मात्र उत्पीडित वर्ग र समुदायको पालो संशोधनको चरणमा आउने ? संशोधनद्वारा उत्पीडित वर्ग र समुदायले मात्र गरेका सबै कुरा दिने तर संसदको दुईतिहाई मत जुटेपछि त्यस्तो आश्वासन दिने जोकर नेताहरूको अभाव रहेनछ । हुन त दुःख र संकटको बेला हास्यविनोद अभिनयले गम्भीरतालाई केही हलुङ्गो पार्छ तर त्यसप्रकारको मनोविनोदको बेला यो होइन । किन हो कुनि ओलीलाई विरोधी र प्रचण्ड-देउवा कम्पनीलाई हितैषी मानेर तीनबुँदे सम्झौता गरेर ओलीको विदाई र प्रचण्डको स्वागत गर्न आन्दोलनरत कार्यक्रमहरूलाई रोकेका हुन्, संघीय गठबन्धन, संयुक्त मधेसी मोर्चा र थारुहट आन्दोलनका नेताहरूले । यसमा उद्ने गरेको सन्देहमा दक्षिणतिरको छिमेकीको रुचिमा यस्तो भएको भन्ने पनि छ । अनि के संविधान संशोधनद्वारा उत्पीडन र बहिष्करणमा परेको नेपाली जनताको पहिचान छ र अधिकार सुनिश्चित हुने कुरा साँच्चै हो त ? त्यस्तो केही होइन । यो पनि मिठो भ्रमजाल हो र यो सुरक्षित अवतरणको निम्ति संघीय गठबन्धन, संयुक्त मधेसी मोर्चा र थरुहटका अगुवाहरूले सोचेको उपाय हो, तीन बुँदे सम्झौता ।

संविधान संशोधन आवश्यक पर्दा गर्नु सामान्य कुरा हो । तर अन्तरवस्तु नै फरक पर्नेगरी सामान्यतः संशोधन हुँदैन । हुन त पहिलो संविधानसभाको अवसानपछि अन्तरिम संविधानको मर्म विपरीत राजनैतिक दल बाहिरको पात्रको खोजी गरेर त्यो पनि सर्वोच्च अदालतको बहालवाला प्रधानन्यायीशको नेतृत्वमा निर्दलीय सरकारको गठन गर्नु असंवैधानिक प्रक्रियाद्वारा बाधा अड्काउ फुकाउने नाममा अन्तरिम संविधानमा संशोधन गरिएको थियो । त्यस्तो उदाहरण पनि नभएको त होइन तर समानान्तरमा उभिनेको हितमा त्यस्तो जोखिम कसले र किन उठाउने ? प्रतिक्रियावादी संविधान बनाउँदा गर्वको अनुभव गर्ने दुईतिहाई भनिनेहरूमा एक्कासी त्यस्तो उदारता द्रवित हुन सक्ला र ? ध्रुवीय मनस्थितिमा विभाजित बीच एकता सम्भव नरहेको कारण पनि विश्वास गर्ने आधार छैन ।

पंक्तिकारले संविधानसभा चलिरहँदा (दुवै संविधानसभाको बेला) कै बखत सिण्डिकेट मास्टरहरूको अपवित्र गठबन्धनबाट निस्कने परिणामबारे सचेत गर्ने प्रयास गरेकै हो । अझ संविधान घोषणाको पूर्वसन्ध्यामा जनताको अपनत्वविनाको संविधानले द्वन्द्व समाधानको सट्टा द्वन्द्व बढाउने छ भनेर टिप्पणी गरेको कुरा स्मरण गराउन चाहन्छु ।

नेपालमा कुनै एउटा जातिको अन्य जातिमाथि प्रभुत्व छैन । त्यसकारण उत्पीडित जाति समुदायको जातीय उत्पीडनविरुद्ध प्रत्यक्ष संघर्ष छैन । यहाँ जातीय विग्रहको बहुध्रुवीय स्थिति छ । आदिवासी जनजातिहरूको मुक्तिका लागि खस आर्य अहंकारवाद, दलित, मुस्लिम समुदायको मुक्तिको लागि ब्राम्हणवाद, मधेशी समुदायको मुक्तिका लागि पहाडीया अहंकारवाद, महिला मुक्तिका लागि पितृसत्तावादको विरुद्ध संघर्ष आवश्यक छ र अन्तरविरोधको प्रष्फुटन पनि त्यसप्रकारले हुने गरेका छन् । त्यस्तो अन्तरविरोधहरूको समूल समाधान नगरी हुँदैन । त्यसको निम्ति वर्गसंघर्षकै मुख्य कडिसँग जोडिनु आवश्यक हुने कुरालाई बुझ्न सकिएन भने मुक्ति संघर्षको विन्दुबाट असारिने खतरा पनि रहन्छ । अहिले देखापरेको खतरा पनि त्यही हो । अवसरवादले कुनैपनि शोषित उत्पीडित जाति समुदायको हितमा काम गर्दैन । जनदवाब प्रवल रहेको बेला सडकमा र मथ्थर भएको बेला स्वार्थको खेतीमा जुट्ने नेताहरूको कमी छैन । त्यस्ता अवसरवादीहरूको कारण ठूला ठूला आन्दोलन तुहिने गरेको अनुभव सुनाइरहनु आवश्यक पर्दैन । संघर्ष गर्नेले लम्पसार नपर्नु, आँट नहुनेले आन्दोलन नगर्नु, अर्काको बलिदानमा लाभ उठाउने नियत नराख्नु- यी तीन सूत्रलाई वेवास्ता गर्नेलाई इमानदारहरूले बेलैमा चिनेर छुट्याउनुपर्छ ।

अन्त्यमा, नेपालको विगतका अन्य संविधान भैं यसको पनि भविष्य छैन । ढिलो चाँडो यो फालिने नै छ । त्यसैले साह्रै प्रेम गर्ने भूमिकामा नलागौं ! जनगणतन्त्रको स्थापना गरौं, जनसंविधानको निर्माण गरौं !

# क्रान्तिकारी माओवादीका जिल्ला नेता गिरफ्तार

**मकवानपुर ।** नेकपा (क्रान्तिकारी माओवादी) मकवानपुरका जिल्ला सचिवालय सदस्यलाई प्रहरीले विनाकारण गिरफ्तार गरेको छ । मुस्लीमहरूको महान चाड बकरईदको तेस्रो दिन भदौं ३० गते बेलुका सत्तार अन्सारी उर्फ सद्दाम हुसैनलाई हेटौंडाबाट गिरफ्तार गरिएको हो । एकैछिन बजार पुगेर आइहाल्छु भनेर निस्केका हुसैनलाई सडक किनारमा बाइक रोकेनपाई ट्राफिक प्रहरीका इन्स्पेक्टर कृष्ण बहादुर थापाले हेल्मेट खोसेर अपहरण शैलीमा गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालयमा लगेर थुनिदिएको पीडित परिवारले दावी गरेका छन् । हुसैनको साथमा भएको मोवाइल प्रहरीले खोसेर अफ गरिदिएपछि परिवारमा रातभर रुवावासी चलेको थियो ।

बकरईदको अवसरमा घरभरि आएका पाहुनालाई छोडेर एकैछिनका लागि बजार निस्केका हुसैनलाई अहिले विनाकारण सार्वजनिक अपराधन्तर्गत म्याद थप गरेर थुनामा राखिएको छ । हुसैनले जहाँ बाइक रोक्न खोजेका थिए, त्यो प्यारापिटमा पार्किङ गर्न नपाइने भनेर सार्वजनिक सूचना, जानकारी वा माइकिङ केही पनि नगरिएकोले यो ट्राफिक पुलिस र प्रशासनको ज्यादती भएको भन्दै भदौं ३१ मा बसेको स्थानीय सर्वदलीय तथा सर्वपक्षीय भेलाले प्रशासनको यस्तो हर्कतको विरोध गर्नुका साथै विनाशर्त हुसैनको रिहाइको माग गरेको छ । रिहाइको लागि नागरिक दबाव बढ्दै गएपछि ट्राफिक पुलिसका इन्स्पेक्टर थापा आफूमाथि हातपात गरेकाले गिरफ्तार गरिएको भन्दै आफ्नो बचाउ गर्न थालेका छन् ।

एक स्थानीयले प्रहरी प्रशासनको ज्यादतीप्रति आक्रोश पोख्दै भने, “दशैं आयो कि पुलिस बौलाउन थाल्छन् । के निहुँ झिकेर हुन्छ, जनतालाई दुःख दिएर दण्ड जरिवाना असुलेर भागशान्ति जय नेपाल लाउन तल्लिन हुन्छन् ।” घटनाबारे जिल्ला प्रशासन कार्यालयका डिएस्पी वामदेव गौतमसँग बुझ्दा ड्युटीमा रहेका इन्स्पेक्टरमाथि हातपात गरेकोले गिरफ्तार गरेर मुद्दा चलाएको बताए । पीडितहरूले भने मुस्लीमहरुको चाडबाडको बेला विना कारण गिरफ्तार गरेर राज्यले मुस्लीमहरुमाथि असहिष्णु व्यवहार देखाएको गुनासो गरे ।

## शुल्कवृद्धि फिर्ता गर्न ४८ घण्टे अल्टिमेटम

**चितवन ।** शैक्षिक सत्रको बीचमा चितवन जिल्लाको प्याबसनले अभिभावकको ढाड भाँचिने गरी शुल्कवृद्धि गरेको भन्दै अखिल क्रान्तिकारी चिवनले निजी बोर्डिङ स्कूलहरूलाई वृद्धि गरिएको शुल्क फिर्ता गर्न ४८ घण्टे अल्टिमेटम दिएको छ । संगठनका जिल्ला अध्यक्ष अमृत चपाईले आइतबार एक विज्ञप्ती जारी गर्दै यस्तो अल्टिमेटम दिएका हुन् ।

४८ घण्टाभित्र शुल्क फिर्ता नगरिए लेखा शाखामा तालाबन्दी गर्नेदेखि प्याब्सन आबद्ध शैक्षिक संस्थाकेन्द्रित शैक्षिक हड्ताल गर्ने चेतावनी विज्ञप्तीमा दिइएको छ ।

## रुपन्देहीको गजेडी गाउँमा क्रान्तिकारी युवा संगठित

**बुटवल ।** क्रान्तिकारी युवा लिग गजेडीको गाउं भेला नयां नेतृत्व चयन गरि आज गजेडीमा सम्पन्न भएको छ । भेलाले राजन वाग्ले सुवेदीको अध्यक्षतामा ११ सदस्यीय लिगको गाउं समिति चयन गरिएको हो । समितिमा सचिव प्रकाश पौडेल, कोषाध्यक्ष अनिता पौडेल र सदस्यहरूमा क्रमशः विशाल पौडेल, सुशिल ढकाल, विपिन पौडेल, लक्ष्मण न्यौपाने, प्रदिप ज्ञवाली, सुर्य ढकाल, जयलाल पौडेल र जगदिश पौडेल रहनु भएको छ । सो भेलामा नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी) रुपन्देहीका सचिवालय सदस्य कुमार पौडेल, क्रान्तिकारी युवा लिगका केन्द्रीय सदस्य एवं रुपन्देहीका संयोजक शंकर के.सी.लगायत नेताहरूको उपस्थिति रहेको थियो । राजन वाग्ले सुवेदीको अध्यक्षता, हरि थापाको सञ्चालन तथा विशाल पौडेलको स्वागतमा भएको कार्यक्रममा छबि थापाले पनि बोलेका थिए ।

## कोशीमा डुंगा पल्टियो, ३७ जनाको जीवितै उद्धार डुंगामा ६२ यात्रु रहेको स्थानीयको दावी

**सप्तरी ।** शनिबार मध्यान्ह प्रकाशपुर-५, राजावासमा डुङ्गा दुर्घटना हुँदा ३७ को जीवितै उद्धार गरिएको छ भने दर्जनौंलाई कोशीले बगाएको अनुमान गरिएको छ । स्थानीयका अनुसार नाउ (डुंगा)मा ६२ जना सवार रहेका थिए । प्रहरीले नौ जना हराइरहेको बताए पनि स्थानीयले भने यस्तो दावी गरेका छन् ।

शनिबार श्रीलंका टप्पुबाट प्रकाशपुर हटिया भर्न स्थानीय चढेर आउँदै गरेको नाउ कोशीको बीचमा आएपछि ढ्याउमा पस्दा पल्टिएको थियो । नदीको बीचमा उठ्ने पानीको जुरोलाई स्थानीय भाषामा ढ्याउ भन्ने गरिन्छ ।

स्थानीयका अनुसार नाउमा श्रीलंका टप्पुका ५९ जना र सिसुवाका तीनजना पहाडी समुदायका युवा चढेका थिए । उनीहरूको अवस्था अज्ञात रहेकाले बेपत्ता हुनेहरूको संख्या थप हुने आशंका गरिएको छ । प्रहरीले बेपत्ता भनेर सार्वजनिक गरेकोमा नाउ चालक तुफानीसहित नौ जनाको नाम रहेको छ । उनीहरुलाई अहिलेसम्म पत्ता लगाउन सकिएको छैन । प्रहरी, सेना, सशस्त्र र भारतीय इन्जिनियरको टोलीले समेत नाउ र स्टिम बोटबाट आइतबारसमेत खोजी जारी राखेका छन् । तर, पनि बेपत्ताको अवस्था पत्ता लाग्न सकेको छैन ।

## क्रान्तिकारी माओवादीको ...

जनताको विरोधपूर्ण आन्दोलनहरूलाई दमन गरेर, दर्जनौंको ज्यान लिएर र सयौंलाई घाईते बनाएर राज्यले सम्विधान घोषणा गरेको एक वर्ष पुगेको भन्दै नेकपा क्रान्तिकारी माओवादी धनुषाका ईन्चार्ज रोशन जनकपुरीले एक विज्ञप्ति जारी गर्दै असोज ३ गते कालो दिवसलाई असोज ३ गतेको कालो दिवस प्रभावकारी तवरले र न्यूनतम भएपनि पुनर्लेखनको नारासहित मनाउनुको साटो औपचारिकता मात्र पुरा गर्ने मुडमा देखिनु अफसोसजनक छ । यो मधेशी जनताको हित मुक्ति र चाहना विपरित पनि छ । गत वर्ष असोज ३ गते संविधान घोषणा हुने दिन कालो दिनको रुपमा जनताले व्यापकरुपमा सडकमा ओर्लेर आफ्नो विरोध व्यक्त गरेका थिए । हामी जनताको संघर्षको वास्तविक प्रतिनिधि र विकल्पको रुपमा प्रस्तुत हुँदै वर्तमान संविधानको खारेजी र जनचाहना अनुसार संघीय जनगणतन्त्रको संविधान निर्माणको संघर्षमा उत्रन सम्पूर्ण जनसमुदायलाई प्रेस विज्ञप्तिमार्फत् ईन्चार्ज जनकपुरीले आग्रह गरेका छन् ।

त्यस्तै संघीयताको प्रश्नमा विषेश गरी मधेशको प्रश्नमा राज्य सत्ताको समानान्तर दर्जनौं शहादतसहित प्रभावशाली आन्दोलन चलाउँदै आएको मधेशी मोर्चा कथित संविधानको घोषणापछि आन्दोलनभन्दा पनि सरकारको मुख्य पार्टीहरुसंग मिलेर सरकारमा हिस्सेदारीको लागि कसरत गरिरहनु दुःखद् रहेको जारी विज्ञप्तिमा उल्लेख छ । यस विज्ञप्तिमा “अझ जनताको चाहना र हितप्रति समर्पित भएर संघीय जनगणतन्त्रको निम्ति संघर्ष गरिरहेको हामी क्रान्तिकारी माओवादीसंग टाढा बस्नु भन्नु ठिटलाग्दो छ” उल्लेख छ । नाम मात्रकै गणतन्त्र, धर्मनिरपेक्षता र समावेशिता जस्ता केहि प्रावधान प्रगतिशील देखिए पनि आफ्नो एकल वर्गीय र एकल जातीय वर्चस्व र संघीयताको वास्तविक मूल्य मान्यता विपरीत प्रदेशको नाममा पुरानै अन्तर्वस्तुसहितको प्रशासनिक क्षेत्रको संरचना अवलम्वन गरेको कारण आदिवासी, जनजाति, मधेशी, मुस्लिम, महिला, मजदुर-किसान लगायत समग्र उत्पीडित वर्ग, जाति र समुदायहरूको विरोध जारी नै छ । अर्को शब्दमा, नेपालको राज्य सत्ता पुरानो र फासिस्ट चरित्रको शासक वर्गको हुने हो, वा उत्पीडित वर्ग जाति, समुदाय, क्षेत्र लिंगको हुने हो भने संघर्ष जारी नै रहेको समेत जारी गरिएको विज्ञप्तिमा भनिएको छ ।

## क्रान्तिकारी माओवादी रुपन्देहीको रुद्रपुरमा खेम गुरुङ

**रुपन्देही ।** नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी) रुद्रपुर गाउँ समितिको भेला नयाँ नेतृत्व चयन गरी शनिबार रुद्रपुरमा सम्पन्न भएको छ । भेलाले खेमबहादुर गुरुङ सेक्रेटरी रहेको २५ सदस्यीय पार्टीको गाउँ समिति चयन गरिएको छ । भेलाको उद्घाटन पार्टीका केन्द्रीय सचिवालय सदस्य प्रेमनाथ सुवेदीले गरेका थिए । संसदीय व्यवस्थाको भण्डाफोर र संविधान खारेजीको आन्दोलनमा पार्टीले जोड दिएको भेलालाई सम्बोधन गर्दै सुवेदीले बताएका थिए । पार्टीका जिल्ला संयोजक भुलबहादुर सुनारी, सचिवालय सदस्य गिरबहादुर थापा, के.जी.कुमार पौडेल लगायतले भेलामा बोलेका थिए ।

## देशभक्त जनगणतान्त्रिक ...

गोपाल वि.क., तारक लिम्बु, उमेश, सुचिल, पेम्डोमा शेर्पा, पशुपति आचार्य, जयराम, तिलक मगर, शान्तिराम गिरी, श्री मिश्र, खड्क शाह, रुपेश पोखेल, रेवती देवी, गोपाल घिमिरे, पूर्णकुमारी देवकोटा, अशोक शर्मा, इन्दिरा अधिकारी, इन्दिरा घिमिरे, अम्बिका पाण्डे, सोनाम लामा, समिर महर्जन, गोर्की श्रेष्ठ, भरत बुर्जा, भक्तराज थापा, हरिकृष्ण गजुरेल, श्रीकृष्ण सुलुङ, श्याम के.सी., हरिकृष्ण उपाध्याय, सुशिला थापा, भीम श्रीस, भुल बहादुर, रामविलास थारु, मीनकला पुन, टिपु सुल्तान, बृजदेव पाण्डे, मकबुल, तेजकुमारी थापा, भिम घर्ती, गोपाल नेपाली, यमबहादुर शाह, मैनामती चौधरी, विष्णुप्रकाश नेपाली, शुरबहादुर बुढा, तपेन्द्र भण्डारी (बरुण), अब्दुल सलाम, खगेन्द्र छन्त्याल, सेमन्तराज भण्डारी, युटोल तामाङ (लामा), दिनेश नेपाली रहेका छन् ।

मोर्चाका अध्यक्ष गजुरेलले मंगलबार आयोजना गरेको पत्रकार सम्मेलनका सन्दर्भमा जारी गरेको प्रेस वक्तव्यमा भनिएको छ, “मोर्चालाई वास्तविक अर्थमा सम्पूर्ण देशभक्त, वामपन्थी र दलाल, नोकरशाह र सामन्तवाद बिरोधी शक्ति र व्यक्तिको साझा मोर्चाको रुपमा विकसित गर्नुपर्ने, यसलाई सकेसम्म व्यापक बनाउनु पर्ने, यसलाई लोकप्रिय संगठन बनाउनु पर्ने कुरामा जोड दिइएको छ । यसलाई व्यवहारिक रुपमा नै संघर्ष र सत्ताको साधन बनाउनु पर्ने बताइएको छ ।”

०२१ सालदेखि निरन्तर नेपाली कम्युनिष्ट आन्दोलनमा अनवरत रुपमा योगदान पुऱ्याउँदै आएका सिपी गजुरेलजस्ता नेता, जो राष्ट्रिय अन्तर ष्ट्रिय रुपमा स्थापित रहेका छन्, को नेतृत्वमा बनेको देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाललाई राष्ट्रिय अन्तर्राष्ट्रिय रुपमा निकै चासोका साथ हेरिएको छ । यो मोर्चा नेपालको राजनीतिमा वैकल्पिक भूमिकासहित अगाडि आउनेसको बहसहरू सुरु हुन थालेका छन् ।






प्रकाशक : रामसिंह बुढाथोकी, प्रधान सम्पादक : कुमार शाह, सम्पादक : इन्द्रबहादुर राउत, सहसम्पादक : केशरमणि कटुवाल, कार्यालय : बुद्धनगर, काठमाडौं, सम्पर्क नं. : ९८५११३४८३०, इमेल : bargadristi073@gmail.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं